राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।– (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

**मधेश मिडिया हाउस**

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse@gmail.com

## मलेठ घटनाप्रति माफी माग्दै

# पाँच जना शहीद घोषणा



राजविराज । उप-प्रधान तथा गृहमन्त्री विमलेन्द्र निधिले नेकपा एमालेको कार्यक्रमका दौरान सुरक्षाकर्मीको गोली लागी मलेठका पाँच जनाको मृत्यु भएकोप्रति मृतक परिवारसँग माफी मागेका छन् । उनले माफी माग्दै पाँचै जनालाई शहीद घोषणासमेत गरेका छन् ।



*शहीद परिवारलाई चेक हस्तान्तरण गर्दै गृहमन्त्री*

सप्तरीको मलेठ घटना दुर्भाग्यपूर्ण भएको बताउँदै उनले भने, 'मलेठ घटना दुर्भाग्यपूर्ण हो, उक्त घटनाप्रति माफी चाहन्छु ।' घटनामा मारिएका पाँचै जनालाई शहिद घोषणा गरिएको भन्दै सत्यतथ्य छानविनका लागि सर्वोच्च अदालतका पूर्वन्यायाधीश अलि अकबर मिकरानीको संयोजकत्वमा गठित समितिले केही दिनभित्रै छानविन प्रक्रिया अगाडि बढाएर एक महिनाभित्र प्रतिवेदन सार्वजनिक गरिने उनले जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी कृष्ण वहादुर कटवालको अध्यक्षतामा आयोजित कार्यक्रममा गृहमन्त्री निधिले मलेठ घटनामा मारिएका सञ्जन मेहता, पीताम्बर मण्डल, सिनियर अहेव आनन्द कुमार साह, विरेन्द्र महतो र ईनर यादवका परिवारजनलाई जनही १०/१० लाखको चेक हस्तान्तरण गरेका छन् ।

संविधानमा देखिएको त्रुटीलाई सच्याए मधेशी जनताले समेत स्वीकार गर्न तयार रहेको बताउँदै गृहमन्त्री निधिले राष्ट्रिय समझदारी गरेर देशमा गणतन्त्र र संघीयता आएको भन्दै जनताले प्राप्त गरेको उपलब्धीहरूको रक्षा हुनुपर्नेमा उनले जोड दिए ।

# बुलेटको जवाफ ब्यालेटले दिन्छौं : यादव



उपेन्द्र यादव

काठमाडौं । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले सरकारलाई बुलेटको जवाफ ब्यालेटले दिने चेतावनी दिएका छन् । सोमबार संघीय लिम्बूवान पार्टी नेपालसँग एकीकरण घोषणा कार्यक्रममा सम्बोधन गर्दै उनले मधेश आन्दोलनको समयमा राज्यले मधेशीलाई गोली हानेर हत्या गरेको भन्दै त्यसको जवाफ ब्यालेटबाट दिने बताए । धेरैले आफूलाई चुनावमा किन गएको भनि प्रश्न गरेको बताउँदै भने, 'त्यसको जवाफमा अब यो राज्यलाई ब्यालेटबाट जवाफ दिने बेला आएको छ, चुनावमार्फत शक्ति निर्माण गरि राज्यमाथि धावा बोल्छौं ।' चुनाव पनि एउटा आन्दोलन हो, चुनावलाई पनि एउटा संघर्षको रूपमा अगाडि बढाउन सकिन्छ भन्दै अध्यक्ष यादवले आन्दोलनको आधारभूमि तयार गर्ने माध्यम चुनाव रहेको बताए । 'लोकतन्त्रमा चुनावलाई इन्कार गर्न सकिदैन, राज्यसँग लड्नु नै हो, आदिवासी जनजाति, मधेशीसँग भेदभाव गरेको राज्यसँग चुनावमा भाग लिएर पनि लड्न सकिन्छ', उनले भने । तीन दलले ल्याएको सविधान नश्लीय र विभेदकारी रहेको भन्दै उनले त्यसलाई पुनर्लेखन गर्नुपर्छ भनि पहिलादेखि नै आफूले भन्दै आएको र त्यसबाट आफू पछि नहटेको स्पष्ट पारे ।

# सरकारद्वारा 'मधेश आन्दोलन' राजनीतिक आन्दोलनको रूपमा स्वीकार

◆ आन्दोलनकारीमाथि लगाइएको मुद्दा फिर्ता लिने ◆ व्यवस्थापिका संसदको हिउँदे अधिवेशन

मधेशवाणी डेस्क

काठमाडौं । संविधान संशोधन गरी मधेशको समस्याहरू समाधान गर्छौं भनी प्रतिबद्धता जनाएको सरकारले अन्ततः शब्दको जालझेल गरेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले बिहीबार संविधान संशोधन विधेयक पारित गराउने प्रतिबद्धता जनाएका थिए । तर, संविधान संशोधनलाई थाँती राखेर केही महत्वपूर्ण निर्णयहरू गरेको छ । सरकारले थरूहट तराई/मधेश आन्दोलनलाई राजनीतिक आन्दोलनका रूपमा स्वीकार गरेको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले मधेश आन्दोलनलाई राजनीतिक आन्दोलनका रूपमा स्वीकार गर्दै आन्दोलनमा सहभागीलाई लगाइको मुद्दा फिर्ता गर्नका लागि गृह मन्त्रालयको परामर्शमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले आगामी मन्त्रिपरिषद्को बैठकमा प्रस्तुत गर्ने समेत निर्णय गरेको छ ।

मधेश आन्दोलनलाई राजनीतिक आन्दोलनको रूपमा स्वीकार गर्ने भन्ने कुरा वास्तवमा के हो प्रष्ट छैन । सरकारले भन्न खोजेको राजनीतिक आन्दोलन कस्तो खालको हो ? अहिलेसम्म सरकारले मधेश आन्दोलनलाई कुन रूप लिएको थियो ?



*मन्त्रिपरिषद्को बैठकमा सहभागी मन्त्रिमण्डलका सदस्यगण । फाइल तस्वीर ।*

मन्त्रिपरिषद्ले गरेको यो निर्णयबाट प्रष्ट हुन्छ कि संविधान संशोधन बिनै मधेशमा स्थानीय तहको निर्वाचन गराउन खोज्दैछ ।

बैठकका निर्णयबारे जानकारी दिँदै सूचना तथा सञ्चारमन्त्री सुरेन्द्रकुमार कार्कीले बिहीबारदेखि व्यवस्थापिका-संसद्को हिउँदे अधिवेशन अन्त्य गर्ने निर्णय गरेको बताएका छन् ।

त्यसैगरी, मन्त्रिपरिषद्ले यही वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा गोली प्रहारबाट मारिएका काभ्रे नवबुद्ध नगरपालिकाका नवराज पाठक र निर्वाचनका क्रममा झडपमा मारिएका दोलखाका कुलबहादुर तामाङलाई सहिद घोषणा गर्ने र क्षतिपूर्ति स्वरूप परिवारलाई जनही रू १० लाख उपलब्ध गराउने निर्णय गरेको छ । सरकारले पाठक र तामाङका छोराछोरीको लागि निःशुल्क पठनपाठनको व्यवस्था गर्ने पनि निर्णय गरेको छ ।

सरकारले प्रेस काउन्सिल नेपालको अध्यक्षमा धरान निवासी भवानीप्रसाद बराललाई नियुक्त गरेको छ । नेपाल प्रहरी र नेपाली सेनाको चिकित्सा क्षेत्रबाट आम नागरिकले समेत सेवा लिन पाउने निर्णय मन्त्रिपरिषद्ले गरेको छ । त्यसका लागि सेना र प्रहरीको सम्बन्धित निकायसँग सरकारले समन्वय गर्ने छ । चुरे तराई क्षेत्रको नदी प्रणाली व्यवस्थापन, तथा हरियाली प्रवर्द्धन, वन क्षेत्र, वन विकास र नवीकरणीय ऊर्जा प्रवर्द्धन, प्राकृतिक स्रोतको दिगो व्यवस्थापन, प्राकृतिक एवम् जलवायु परिवर्तनबाट हुने जोखिम न्यूनीकरण र अनुकूलनको लागि सरकारले 'चुरे तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरूयोजना' ल्याउने निर्णय पनि गरेको छ ।

## संघीय गठबन्धनको बैठक बस्दै

काठमाडौं । आगामी रणनीति तय गर्न महन्थ ठाकुर नेतृत्वको संघीय गठबन्धनको बैठक शुक्रबार बस्दैछ । गठबन्धन तथा राष्ट्रिय जनता पार्टी नेपालका नेता केशव झाले दिएको जानकारी अनुसार मन्त्रिपरिषद्ले बिहीबार गरेको निर्णयहरूबारे संघीय गठबन्धनले आफ्नो धारणा प्रष्ट्याउन बैठक बस्न लागेको छ । बिहीबारको मन्त्रिपरिषद्ले आन्दोलनकारीहरूमाथि लगाइएको मुद्दा फिर्ता लिने, शहीद घोषणा लगायतका निर्णयहरू सकारात्मक रहेको उनले बताए । तराई-मधेशमा जनसंख्याको आधारमा स्थानीय तहको संख्या बढाउनुपर्ने माग गठबन्धनको यथावत रहेको उनले बताए ।

# निर्वाचनको सुरक्षा तयारीमा सरकार

काठमाडौं । जेष्ठ ३१ गते हुने दोस्रो चरणको स्थानीय तहको निर्वाचनका लागि सरकारले सुरक्षा तयारीमा लागेको छ । पहिलो चरणका सुरक्षा कमजोरी सच्याउँदै अब दोस्रो चरणको सुरक्षा तयारीमा सरकार लागेको जनाइएको छ । पहिलो चरणको निर्वाचनमा सुरक्षा व्यवस्थापनमा सफलता पाएको निष्कर्षसहित दोस्रो चरणको निर्वाचनको सुरक्षा तयारीमा सरकार जुटेको छ । यही जेठ ३१ गते प्रदेश एक, दुई, पाँच र सातमा दोस्रो चरणको निर्वाचन हुँदैछ । पहिलो चरणको निर्वाचनमा कालीकोट, दोलखा, धादिङ र तनहुँमा हिंसात्मक घटनामा पाँचजनाको मृत्यु भएको थियो । केन्द्रीय तहमा सुरक्षा योजना बनाई क्षेत्रीय र जिल्ला तहमा समेत सुरक्षा योजना बनेको छ । पहिलो चरणको निर्वाचनमा जस्तै दोस्रो चरणको निर्वाचनमा समेत सम्पूर्ण गाउँ, क्षेत्र, केन्द्रमा सुरक्षा योजना कार्यान्वयनमा लगिएको छ ।

संशोधन नभइकन चुनाव सम्भव छैन । मधेशको वास्तविक मनस्थिति के हो त ? मधेशको वास्तविक प्रतिनिधित्व कसले गर्छ ? मधेशले चाहेको के छ ? यी विषयमा गहन अध्ययन नै भएको छैन ।



श्रीकृष्ण अनिरूद्ध गौतम

अन्तर्वार्ता पृष्ठ ३ मा

# मधेशको सवालमा एनजीओकर्मीहरूको अपील

काठमाडौं । मधेशको सवालमा एनजीओकर्मीहरूले संविधान संशोधन गरेर मात्र दोस्रो चरणको निर्वाचन गर्न अपील जारी गरेका छन् । संविधान संशोधन नभई दोस्रो चरणको स्थानीय तहको निर्वाचन हुने अवस्था नरहेको भन्दै एनजीओकर्मीहरूले बिहीबार एक विज्ञप्ति जारी गरी सहज वातावरण बनाउन आग्रह गरेका हुन् । संविधान संशोधन नभए देश विखण्डनतिर जान सक्नेप्रति पनि सचेत गराइएको छ । एनजीओकर्मीहरुको अपीलमा संविधानका अन्तवरस्तुमा असन्तुष्टि राख्दै आएका मधेशी, जनजाति, दलित, थारू, महिला, मुस्लिम लगायतको चासोलाई पनि संविधान संशोधन मार्फत सम्बोधन गर्ने सरकारको प्रतिबद्धताहरूलाई पुनः स्मरण गराइएको छ । संविधान निर्माण पश्चात देशको एउटा ठूलो हिस्साको जनसमुदायले यसमाथि अपनत्व ग्रहण गर्न नसकेको कुरा विगतमा सरकार र मधेशी मोर्चालगायत असन्तुष्ट समूहहरूबीच भएका सहमतिहरूले पुष्टि गरेको जनाइएको छ । अपीलमा भनिएको छ, 'विगतमा नेपालका धेरै नागरिकले ज्यान गुमाउनुपरेको, अंगभंग र घाइते हुनुपरेको र सरकारी तथा निजी सम्पत्तिको समेत ठूलो क्षति व्यहोर्नुपरेको



सत्य हाम्रो सामु छ । यस यथार्थलाई आत्मसाथ गरी संविधान संशोधनार्थ प्रस्तुत विधेयकलाई यथाशीघ्र पारित गरि संघीय गठबन्धन लगायत अन्य असन्तुष्ट पक्षहरूलाई विश्वासमा लिइ मार्गप्रशस्त गर्न जरूरी छ ।' नागरिकको हैसियतले सबैको अपनत्व र सहभागीतासहित दोश्रो चरणको निर्वाचन सहज वातावरणमा सम्पन्न गराउन प्रधानमन्त्री पुष्पकमल दाहाल लगायत सम्पूर्ण राजनितिक दलहरूका जिम्मेवार नेतृत्वसँग आग्रह गरिएको छ । संविधान संशोधन नभए देश एकताबद्ध रहन नसक्ने अर्थात विखण्डनतिर जान सक्ने प्रति सचेत गराएको छ । एनजीओकर्मीका साथै केही नागरिकहरु अगुवाहरुलेसमेत संयुक्त रुपमा जारी गरिएको अपीलमा भनिएको छ, 'संविधान संशोधन नगरी अघि बढ्दा समाजको एउटा हिस्सा असन्तुष्ट रहने र त्यसले राष्ट्रलाई एकताबद्ध बनाउने कुरामा बाधा पुऱ्याउने देखिन्छ । राजनितिक र सामाजिक ध्रुवीकरणलाई वढावा दिने क्रियाकलापले नेपाललाई दुरगामी रूपमा डरलाग्दो अनिष्टतिर लैजाने सक्छ भन्नेमा हामी गम्भीर छौं ।'

## राजपा नेपालका केन्द्रीय सदस्यद्वारा राजीनामा

काठमाडौं । राष्ट्रिय जनता पार्टी नेपालका केन्द्रीय सदस्य कमलेश्वर पुरी गोश्वामीले राजीनामा दिएका छन् । सांसद्समेत रहेका गोश्वामीले आजैको मितिबाट राजपा नेपालको केन्द्रीय सदस्य पदबा राजीनामा दिएको जानकारी दिएका छन् । उनले राजीनामा दिनुको कारणबारे केही खुलाएका छैनन् । उनले राजीनामा पत्रमा 'शोषित, पीडित, सीमान्तकृत र मधेशप्रतिको मेरो प्रतिबद्धता यथावत् रहने छ' उल्लेख गरेका छन् ।



कमलेश्वर पुरी गोश्वामी

## बेलाको बोली

रामसुकुल मण्डल



# रंगभेदलाई संस्थागत गर्दै सञ्चारमन्त्री

राज्यको चौथो अंगको रूपमा सञ्चार संस्थाहरूले मधेश र मधेशीसँग अपनाउँदै आएको रंगभेदी नीतिलाई वर्तमान सरकारका सञ्चारमन्त्रीले निरन्तरता दिदै आएका छन् । 'समावेशी सञ्चार, समृद्ध नेपालको आधार भन्ने' मान्यतालाई मानमर्दन गर्दै सञ्चार मन्त्रालयले रंगभेदको आधारमा नियुक्ति, अवसर र काय गर्दै आएको छ । नेपाल सरकारको स्वामित्वमा रहेका विभिन्न सञ्चार संस्थाहरूको संरचनालाई अध्ययन गर्दा मधेशीलाई नियतिगतरूपमै स्थान दिएको छैन ।

नेपालको संविधानमा रहेको समानुपातिक समावेशिताको सिद्धान्तलाई समेत सञ्चारमन्त्रीले उल्लंघन गर्दै नियुक्तिहरू गर्दै आएका छन् । बिहीबार बसेको मन्त्रिपरिषद्को बैठकले प्रेस काउन्सिल नेपालको अध्यक्षमा भवानी बराललाई नियुक्त गरेको छ ।

नेपाली सञ्चारमा रहेको रंगभेद, संरचनागत विभेद र मधेश मुद्दाप्रति हादै आएको बेवास्ताका सवालमा राज्यको चौथो अंगको रूपमा रहेको सञ्चारजगतले नीतिगत रूपमै समर्थन जनाउदै आएको छ । सञ्चार मन्त्रालयले गर्ने नियुक्तिहरूबारे नेपाल पत्रकार महासंघले मौन समर्थन गर्दै आएको छ ।

सञ्चारभित्र रहेका रंगभेदका विरूद्ध मधेशी



सञ्चारकर्मीहरूले पटक-पटक ध्यानाकर्षण गराउादासमेत त्यसलाई बेवास्ता गर्दै आएको छ । राज्यको चौथो अंगभित्र रहेको मधेश विरोधी नीतिप्रतिको मधेशी नेतृत्वको मौनताले समेत सञ्चारभित्रको रंगभेदलाई बढावा दिादै आएको छ । नेपाल सरकारको मातहतमा रहेका सञ्चार गृहहरू सबै समुदायका निमित्त साझा संस्था बनोस् भनी मधेशी सञ्चारकर्मीहरूले ध्यानाकर्षण गराउादै आएका छन् । राष्ट्रको चौथो अंगभित्रै रंगभेद हुनु र त्यसलाई मलजल गर्ने कार्य नरोकिनु आफैमा लज्जास्पद रहेको छ । संविधान कार्यान्वयनको यसअघिमा सरकारी पक्षबाट पालना नहुादा संविधानभित्र रहेको समानुपातिक समावेशिताको कुनै अर्थ नै रहँदैन ।

नेपाल सरकारको स्वामित्वमा रहेको रेडियो नेपाल, नेपाल टेलिभिजन, राष्ट्रिय समाचार समिति, प्रेस काउन्सिल नेपाल, राष्ट्रिय सूचना आयोग लगायतका संस्थाहरूको संरचनागत अध्ययन गर्दा कहीं पनि मधेशीको सम्मानजनक उपस्थिति छैन ।

मधेशीसँग सञ्चार क्षेत्रमा हुँदै आएको रंगभेदलाई सञ्चार मन्त्री सुरेन्द्रकुमार कार्कीले संस्थागत गर्नमा लागेका छन् । यता, सञ्चार मन्त्रालयको रंगभेदप्रति नेपाल पत्रकार महासंघको मौनता दुःखद रहेको छ ।

विभेद, शोषण, उत्पीडन र रंगभेदका विरूद्ध आफूहरू राजनीति गरिरहेको भन्ने नवगठित राष्ट्रिय जनता पार्टी नेपालले प्रेस काउन्सिल नेपालमा भएको नियुक्तिबारे कस्तो प्रतिक्रिया हुनेछ ।



## सम्पादकीय



# दोस्रो चरणको अन्योलता हटाऊ

भर्खरै पहिलो चरणमा प्रदेश नं. ३, ४ र ६ मा स्थानीय तहको निर्वाचन सम्पन्न भई मतगणना भइरहेको छ । पहिलो चरणको निर्वाचन सम्पन्न भएलगत्तै सरकारले दोस्रो चरणको निर्वाचनका लागि तयारीमा लागेको छ । तर, दोस्रो चरणअन्तर्गत तराई-मधेशमा निर्वाचन हुने वा नहुने भन्ने अन्यौलता अहिलेसम्म पनि कायमै छ । नेपालको संविधानको मस्यौदा सार्वजनिक भएदेखि नै आन्दोलनरत् रहेका तराई-मधेशका जनताको माग अहिलेसम्म पनि सम्बोधन भएको छैन । कांग्रेस-माओवादी केन्द्रले आन्दोलनरत् जनताहरूको माग पूरा गर्छौं भनी तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासहितको संघीय गठबन्धनसँग तीनबुँदे सम्झौता गऱ्यो । तर, अहिलेसम्म सरकारको तर्फबाट ती सम्झौता पूर्णरूपमा पालना भएको छैन । सरकारले आंशिकरूपमा शहीद घोषणा त गऱ्यो तर, आन्दोलनताका आन्दोलनकारीहरूमाथि लगाइएको झुठा मुद्दा फिर्ता लिएको छैन । कैदी जीवन बिताइरहेकाहरू रिहा भएका छैनन् । कतिपय आन्दोलनकारीहरू भूमिगतरूपमा बाँच्न बाध्य भएका छन् । आन्दोलनका क्रममा भएको क्षतिहरूको पूर्ति भएको छैन । यावत् समस्याहरू विद्यमान राखेरै सरकारले दोस्रो चरणको निर्वाचन गर्न खोज्दैछ । मधेशमा निर्वाचनको नाममा फेरि पनि नश्लीय नरसंहार नहोला भन्न सकिन्न । नेपाल सरकारलाई अन्तर्राष्ट्रिय समुदायले पनि दोस्रो चरणको निर्वाचनका लागि उचित वातावरण बनाउन आग्रह गरेको छ । संयुक्त राज्य अमेरिकाले मंगलबार एउटा विज्ञप्ति नै जारी गरी दोस्रो चरणको स्थानीय निर्वाचनका लागि उचित वातावरण निर्माण गर्नका लागि आग्रह गरेको हो । यता, ६ वटा दल मिलेर निर्माण भएको राष्ट्रिय जनता पार्टी नेपालका नेताहरूले संविधान संशोधन नभए निर्वाचनमा सहभागी नहुने र तराई मधेशमा निर्वाचन हुन पनि नदिने चेतावनी दिँदै आएका छन् । तत्कालीन मधेशी मोर्चाका एक प्रमुख घटक उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपालले पहिलो चरणमा सहभागी भए पनि दोस्रो चरणका लागि संविधान संशोधन गर्नु पर्ने माग राखेको छ । यता, पहिलो चरणको स्थानीय तहको निर्वाचन बहिष्कार गरेको राजपा नेपाललाई दोस्रो चरणमा सहभागी गराउनका लागि सत्तारूढ कांग्रेस-माओवादी केन्द्र प्रयासरत् देखिएका छन् । तर, राजपा नेपालले स्पष्टरूपमा संविधान संशोधन विधेयक पास नभएसम्म निर्वाचनमा जान नसकिने बताउँदै आएको छ । प्रथम चरणको निर्वाचनको मतगणना भइरहँदा नेपालको केही भागमा हर्षोल्लासमय वातावरण देखिएको छ भने तराई-मधेशमा कुनै किसिमको उत्साह देखिएको छैन । मधेशीले के चाहेको छ, मधेशीहरूलाई पनि कसरी दोस्रो चरणको निर्वाचनमा सहभागी गराउने बारे ठूला दलहरू नै गम्भीर देखिँदैन । मधेशीहरूको टाउको र छातीमा गोली बर्साउँदै जारी गरिएको नेपालको संविधान अहिलेसम्म पनि किन लागू हुन सकेन भन्ने कुराको मूल कारक तत्व संविधानभित्र रहेका त्रुटिहरू नै हो । अतः ती त्रुटिहरू नसच्याएसम्म मधेशमा निर्वाचन हुने कुनै सम्भावना देखिँदैन । यदि भइहाले भने त्यो कुन परिस्थितिमा हुन्छ र यसका लागि कतिको क्षति हुन्छ भन्ने कुराको आभाष राज्यसत्तालाई भएकै होला । विगतमा पनि राज्यसत्ताले बन्दुकको बलमा संविधान जारी गऱ्यो तर, देशका आधा जनसंख्याले स्वीकार गरेको अवस्था छैन । मधेशी, थारू, मुस्लिम, आदिवासी जनजाति लगायतका उत्पीडित र उपेक्षित समुदायले यो संविधानमा संशोधन चाहेको कुरालाई आत्मसात गर्दै ठूला भनाउँदा दलका दलपत्तिहरूले पहिला संविधान संशोधन गरी दोस्रो चरणको निर्वाचनमा देखिएका अन्यौलताहरू हटाउनुपर्छ ।

मधेशी, थारू, मुस्लिम, आदिवासी जनजाति लगायतका उत्पीडित र उपेक्षित समुदायले यो संविधानमा संशोधन चाहेको कुरालाई आत्मसात गर्दै ठूला भनाउँदा दलका दलपत्तिहरूले पहिला संशोधन संशोधन गरी दोस्रो चरणको निर्वाचनमा देखिएका अन्यौलताहरू हटाउनुपर्छ ।

## साताको सात बात



संविधान संशोधन गर्न सरकार प्रयासरत् छ । अन्तिम समयसम्म पनि सरकार विस्तार गर्नेलगायत काम यसैको पहलकदमीका लागि भइरहेको छ । **– पुष्पकमल दाहाल 'प्रचण्ड' (प्रधानमन्त्री)**



पहिलो चरणको निर्वाचनमा सुरक्षालगायतको क्षेत्रमा केही कमी कमजोरी भएका छन्, त्यसलाई सच्याएर दोस्रो चरणको निर्वाचनमा अगाडि बढ्छौं । **– डा. अयोधिप्रसाद यादव (प्रमुख आयुक्त, निर्वाचन आयोग)**



नेकपा एमालेमाथि चौतर्फी घेराबन्दी भएपनि स्थानीय तहको निर्वाचनमा सफलता हासिल गरेका छौं । एमालेलाई चुनाव जित्नका लागि होइन, देश बनाउन बहुमत चाहिएको छ । **– केपी शर्मा ओली (अध्यक्ष, नेकपा एमाले)**



राष्ट्रिय जनता पार्टी नेपालको माग सम्बोधन गर्दै जान्छौं र गर्छौं । संविधान संशोधन प्रस्तावलाई पारित गर्न आवश्यक बहुमत पुऱ्याउन अन्य पार्टीसँग पनि छलफल गर्छौं । **– रामचन्द्र पौडेल (वरिष्ठ नेता, नेपाली कांग्रेस)**



अब यो राज्यलाई ब्यालेटबाट जवाफ दिने बेला आएको छ, चुनावमार्फत शक्ति निर्माण गरि राज्यमाथि धावा बोल्छौं । **– उपेन्द्र यादव (अध्यक्ष, संघीय समाजवादी फोरम, नेपाल)**



संविधान संशोधन गर्न समय पुग्दैन भने बरू समय लिनुहोस्, तर चुनावअघि नै संविधान संशोधन गर्नुहोस् । होइन भने हामी दोस्रो चरणको निर्वाचनमा भाग पनि लिँदैनौं र मधेशमा हुन पनि दिँदैनौं । **– राजेन्द्र महतो ( अध्यक्षमण्डलका नेता, राष्ट्रिय जनता पार्टी नेपाल)**



राजनीतिक कार्यक्रममा प्रहरीको गोली लागी आफन्त गुमाउनु भएकासमक्ष सरकारका तर्फबाट क्षमायाचना गर्दछ । सरकार शहीदको उच्च सम्मान गर्दछ । **– विमलेन्द्र निधि (उपप्रधान तथा गृहमन्त्री)**

*प्रस्तुती : संगीता रेग्मी*

# स्वतन्त्रता कि संघीयता ? -३

उक्त सन्धिको १० धारामध्ये भारत-नेपाल सीमासम्बन्धमा कहीँ कतै उल्लेख भएको छ ।

सन् १९५० को भारत-नेपाल बीचको "शांति एवं मैत्री" सन्धिको धारा-१ र ८को यी दुई धाराको आशय हेर्दा धारा आठ अनुसार तराई हस्तान्तरणको १८१६ को स्मरण-पत्र र १८६० को सन्धि-पत्र स्वतः खारेज भएकोले तराईमाथि नेपालको अधीनता पूर्णतः अनधिकृत र अवैध भए । पहिलो धाराले नेपाल र भारतको पूर्ण राज्यसत्ता र क्षेत्रीय अक्षुण्णतालाई मान्यता दिएकोले हाम्रो मातृभूमि तराईमाथि भारतको पनि कुनै प्रकारको स्वामीत्व रहेको छैन् । सन् १९५० मा भारत-नेपाल बीच भएको शान्ति एवं मैत्री सन्धिको धारा एक र आठ अनुसार नेपाल अधीनस्त तराईको वस्तुस्थिति स्वतंत्र तराई अर्थत तराई राष्ट्र-राज्य हो ।

सन् १९५० देखि नेपाली(पहाडी) राज्यसत्ताले तराईलाई उपनिवेश र तराईका मूल निवासीहरूलाई दास बनाएका छन् ।

राजनीति विज्ञान हो । यसलाई अंग्रेजी भाषामा political science भनिन्छ । राजनीति विज्ञान सामाजिक विज्ञानको एउटा मान्यता प्राप्त घटक हो । राजनीति विज्ञान अनुसार आन्तरिक-औपनिवेशिक शोषण एवं औपनिवेशिक शोषण बीचको मूल फरक के हो भने औपनिबेशिक शोषणमा शोषक र शोषित समुदाय दुई अलग समाजका मानिसहरू हुन्छन् । यस अन्तर्गत वेग्ला-वेग्लै आर्थिक सामाजिक प्रक्रियाहरू हुन्छन् । दुवैको बीच एक स्पष्ट व्यवहारिक दूरी रहन्छ तथा राखिन्छ ।

औपनिवेशिक शोषणमा शोषकले असुल गरेको राजस्व र शोषण गरेको धनराशि आफू चाहेका ठाउमा कलगेर ऐश-आराम, मौज-मस्तिको अतिरिक्त विकासका लागि खर्च गर्दछ । औपनिवेशिक शोषक ब्रिटिशहरूले ब्रिटिश-भारत(भारत, पाकिस्तान र बंगलादेश)बाट असुल गरेको राजस्व र शोषण गरेको धनराशि आफू आएको ठाउ ब्रिटेनमा लगिएर एशो-आराम, मौज-मस्तिको अतिरिक्त विकासका लागि खर्च गर्ने क्रममा औद्योगिक क्रान्तिसम्म गरे ।

तराईबाट पहाडी शासकले असुली गरेको राजस्व एवं पहाडी समुदायले शोषण गरिएको धनराशि काठमाण्डौं र पहाडमा कुल देउता भएको ठाउँमा नै लगिएर ऐशो-आराम, मौज-मस्तिको अतिरिक्त त्यहाँको स्थानीय विकासका लागि खर्च गर्ने क्रममा मध्य पहाडी राजमार्गसम्म निर्माणा गरियो ।

इतिहासलाई द्वन्द्वात्मक र भौतिकवादी ढंगले हेर्ने सबै मधेशीले बुझ्ने कुरा के हो भने मधेश र मधेशीहरू पहाडी औपनिवेशिक शोषणको शिकार भई रहेको हो । मधेशमा शासित र शोषित मधेशी समुदाय तथा शासक र शोषक पहाडी समुदाय दुई वेग्लै समाजका मानिसहरू हुन्, मधेशी समुदाय र पहाडी समुदाय अन्तर्गत वेग्ला-वेग्लै आर्थिक सामाजिक प्रक्रियाहरू छन् । दुवै बीच एउटा स्पष्ट व्यवहारिक दूरी छ तथा राखिन्छ पनि ।

इतिहास साक्षी छ कि नेपालका पहाडी राजा पृथ्वीनारायण शाहले नै कानूनी रूपमा पहाडी र मधेशी बीचमा विभेद प्ररम्भ गरेको हो । पृथ्वी नारायण शाहले आफ्नो जीवनकालमा ब्रिटिश विरोधी सशस्त्र सन्यासी विद्रोह दमन तथा प्रतिवर्ष भित्री तराई प्रदेशको तिरो वापत हात्ती र बाहिर तराई प्रदेशको तिरो वापत नगद रकम बुझाउँने शर्तमा मकवानपुर, चौदण्डी तथा विजयपुर राज्यको जिमिन्दारी ब्रिटिश ईष्ट इण्डिया कम्पनीबाट लिए ।

नेपालको इतिहास शिरोमणि बाबुराम आचार्यले 'श्री ५बडाँ महाराजाधिराज पृथ्वी नारायण शाहको संक्षिप्त जीवनी'को पृष्ठ ४५१-५२मा उल्लेख गरे अनुसार पृथ्वीनारायण शाहले तराई प्रदेशमा काठमाण्डौ र पहाड भन्दा बिलकुल भिन्नै किसिमको शासन प्रणाली र न्याय व्यवस्था संचालन गरेका थिए । यसको निरन्तर्ता वहाँपछिको शाह राजा, महाराजाहरूले पनि दिए ।

सन् १८५४ मा जङ्गबहादुरले नेपालको कानूनी व्यवस्थाको इतिहासमा संबैधानिक हैसियत राख्ने पहिलो हस्तलिखित १४ सय पृष्ठको कानून संग्रह भारदारहरूद्वारा तयार गराए । जङ्गबहादुरको लिखित कानूनी व्यवस्थाको ज्यान सम्बन्धी मुद्दामा पहाडको वादी, प्रतिवादीलाई १०, १५ र २५ रूपैयाँ धरौट र.मधेशको वादी, प्रतिवादीलाई १००.-१०० रूपैयाँ धरौट तोकिएको थियो ।

### जयकृष्ण गोइत



**इतिहासको मान्यताअनुसार कुनै पनि अभियानमा बाह्यभन्दा आन्तरिक कारण नै प्रमुख हुन्छ । इतिहासको यो मान्यता तराई मुक्ति अभियानको सन्दर्भमा पनि लागू हुन्छ । तराईको मुक्ति स्वतन्त्रताको बाधक संघीयता पक्षधर मधेशवादी दलहरू नै हुन् ।**

जंगबहादुरको लिखित कानूनी व्यवस्थाले मधेशको जमिनमाथि पहाडीको पहिलो अधिकार कायम गऱ्यो । 'मधेश जिल्ला जिल्लाको जिमिदार पटुवारीको नाउका सवाल' नामक कानूनको बूँदा ३० मा उल्लेख गरियो कि मर्तापर्ता परेको जमिन अवाद गराउँदा तिमिहरूले तर तसल्लगरी धोता पोता दिई पाएसम्म पहाडिया रैति १, पहाडिया पाएनौ भने.....।

सन् १९५१ मा राण शासन अन्तपछि पनि मधेशीहरूलाई काठमाण्डौ र पहाड जान आउन राहदानी विभागको कार्यालय वीरगञ्जबाट अनुमति पुर्जि लिनु पर्दथ्यो, र त्यो चिसापानी गढीमा जाँच गराएर मात्र जान पाउने कानून थियो । वर्षमा एक पल्ट फागुन महिनामा महाशिवरात्रीको वेला मात्र पशुपतिनाथको दर्शन गर्न राहदानी विभागको अनुमति पुर्जि विना भारतीयहरूको संग-संगै मधेशीहरूलाई पनि काठमाडौं जान-आउन दिने नियम थियो । सन् १९५८ सम्म प्रजातान्त्रिक वहुदलीय व्यवस्थामा पनि मधेशीहरूलाई काठमाण्डौ र पहाड जान आउन राहदानी विभागको अनुमति पुर्जि लिनु पर्दथ्यो ।

सन् १९६०, दिसम्बर १५को दिउसो राजा महेन्द्रले वहुदलीय व्यवस्थामाथि नै प्रतिबन्ध लगाई निर्दलीय पञ्चायती व्यवस्थाको माध्यमबाट नेपालमा निरंकुश शासन गर्न थाले ।

सन् १९६२ दिसम्बर १६ का दिन राजा महेन्द्रले प्रत्यक्ष निरंकुश निर्दलीय पंचायीत शासन संचालन गर्नको लागि लाएको नेपालको संविधानमा नागरिकता र भूमिसुधार अध्याय पनि उल्लेख गरियो । सो संविधानको धारा ८ को उपधारा २ (क) मा "नेपालको राष्ट्रभाषा नेपाली बोल्न र लेख्न जान्ने " नागरिकता प्राप्तिको शर्त राखेर मधेशी समुदाय र पहाडी समुदाय बीच स्पष्ट संवैधानिक रूपमा नै विभेद प्ररम्भ गरियो ।

नेपालको राष्ट्रभाषा नेपाली बोल्न र लेख्न जान्नेको आधारमा बर्मा, भूटान, तिब्बत, भारतका असम, अरूणाचल, कालिपोङ्ग, खर्साङ्ग, दार्जिलिङ्ग, देहरादून, बनारस, मेघालय, मणिपुर, मिजोरम, नागालैण्ड, त्रिपुरा आदि स्थानहरूबाट नेपाली(पहाडी)मूलको आप्रवासीहरू एंव शरणार्थीहरूलाई पनि तराईको प्रसिद्ध वन जंगल 'चारकोशे झाडी' काटेर बसायो र नेपाली नागरिकता प्रमाण-पत्र प्रदान गरियो । यसको निरन्तरता आजसम्म दिँदै आएको छ ।

सन् १९६४ मा राजा महेन्द्रले तत्कालीन राष्ट्र पंचायतद्वारा पारित गराई भूमिसुधार र जग्गा नापजाँच ऐन ल्याईए । भूमिसुधार ऐन र जगाा नापजाँच ऐन १९६४ अन्तर्गत सम्पूर्ण जग्गा नापजाँच हुँदा पहाड र तराईका खेतीको जग्गा हुनेहरूलाई नापजाँच दर्ता गरि प्रमाण-पत्र दियो । पहाड र तराईका शहरको खेतीको जग्गा नहुनेहरूलाई बसोवासको जग्गालाई स्ववासीको नामले नापजाँच दर्ता गरि प्रमाण-पत्र दियो । पहाडको गाउँमा खेतीको जग्गा नहुनेहरूलाई बसोवासको जग्गा घरवारी भनेर दर्ता गरि प्रमाण-पत्र दियो । तर तराई(मधेश)को गाउँमा खेतीको जग्गा नहुनेहरूलाई बसोवासको जग्गा नापजाँच दर्ता गरि प्रमाण-पत्र दिएन । राजा महेन्द्रले यस षडयन्त्रद्वारा पहाडी र मधेशीमा स्पष्ट विभाजन गरेर मधेशीहरूलाई भूमि अधिकारबाट बन्चित गरियो ।

भूमिसुधार कार्यक्रम तराई(मधेश)मा लागू गर्नु भन्दा पूर्व सरकारले भारतीय मूल( मधेशी)लाई नेपाली नागरिकताको प्रमाण-पत्रको लागि नयाँ सिराबाट आवेदन दिन आदेश गऱ्यो । मधेशीहरू सम्बन्धित सरकारी कार्यालयमा नेपाली नागरिकताको प्रमाण-पत्र लिन जादा तराई(मधेश)मा बसोबास गरेको तीन पुस्तै प्रमाण माँग गऱ्यो । बसोवासको जग्गा नापजाँच दर्ता गरि प्रमाण-पत्र नदिएको र सरकारले बसोबासको अन्य कुनै प्रमाण पनि वितरण नगरिएकोले गरीब मधेशी नागरिकताको प्रमाकण-पत्र पाउँन सकेन । भूमिसुधार कानून अनुसार जग्गा प्राप्त गर्न वा किन्न नागरिकताको प्रमाण-पत्र हुनै पर्ने प्रावधान गरेको थियो ।

नागरिकताको अभावमा पुस्तौं-पुस्ता देखि जोत्दै आएको जग्गामा भूमिसुधार कानूनले दिएको मोहि हक गरीब मधेशीहरूको कायम हुन सकेन । भूमिसुधार कानूनले तोकेको हदबन्दी भन्दा बढी जग्गा पुनर्वितरण हुँदा पनि पाउन सकेनन् । तथाकथित नेपाली नागरिकताको सुनियोजित षडयन्त्रद्वार हदबन्दी भन्दा बढी प्राप्त जग्गा पनि पहाडीहरूलाई प्रदान गरे ।

बाघ, सिंह, भालु आदि जस्ता हिंसक जंगली जानवर र सर्प जस्ता विषैला जन्तु तथा औलो जस्ता भयानक रोगसंग प्राणको बाजी लगाएर खन जोत गरेर खेती योग्य बनाई पुस्तौं-पुस्ता देखि जोत्दै आएको जग्गाबाट बेदखल हुने गए । नागरिकता र भूमिसुधार कानूनले पनि व्यवहारिक रूपमा पहाडी र मधेशीमा स्पष्ट विभाजन गरेको देखिन्छ । यसरी भूमिसुधार कानून र तथाकथित नेपाली नागरिकताको आढमा लाखौं तराईका मूलनिवासीहरूलाई आफ्नै जग्गाबाट बेदखल गरिए ।

सन् १९५४देखि नै तराईलाई पहाडीकरण गर्न सुनियोजित योजना तहत पुर्नवास विभाग अन्तर्गत पुनर्वास कम्पनीको स्थापना गरियो । पुनर्वास कम्पनी अन्तर्गत झापा पुनर्वास आयोजना, सर्लाही पुनर्वास आयोजना, नवलपरासी पुनर्वास आयोजना, ताराताल पुनर्वास आयोजना, कैलाली पुनर्वास आयोजना र कंचनपुर पुनर्वास आयोजनाको स्थापना तराईको संघन वन काटेर गरियो । पुनर्वास विभागले आप्रवासन क्षेत्रहरूका आप्रवासीहरूलाई निःशुल्क भूमि र अन्न वितरण गरियो । यसका अतिरिक्त उनीहरूको लागि शिक्षा, स्वास्थ्य लगायत अन्य सुविधाहरू प्नि उपलब्ध गराईयो ।

तत्कालीन पूर्व प्रधानमन्त्री टंक प्रसाद आचार्यको अध्यक्षतामा राजनीतिक पीडित सहयोग समिति गठन गरिए । सो समितिको सिफारिशमा राजनीतिक पीडितहरूको नाममा अनेकौं राजनीतिज्ञहरू र नेपाली अभिजात वर्गको सदस्यहरूलाई पनि तराईका वन कटाएर भूमि उपलब्ध गराए । बसोवास कम्पनी, सुकुम्वासी आयोजना, बस्ती विकास कम्पनीको साथै राजा तथा राजपरिवारका सदस्यहरूको नाममा गाउँहरू, बजारहरू र शहरहरू बसाएर पहाडी क्षेत्रहरूबाट धेरै ठूलो संख्यामा पहाडीहरूलाई तराईमा बसाए । सुदूर पश्चिम तराईका थारूहरूलाई आप्रवासी अभिजात पहाडीहरूले कमैया (दास)को रूपमा जिउँनको लागि विवश गरिदियो । तराईमा पहाडीहरूको सुनियोजित स्थानान्तरणका शिकार झापा, मोरङ्ग, सुनसरी, चितवन, नवलपरासी, दाङ्ग, बर्दिया, कैलाली, कंचनपुर आदि तराईका जिल्लाहरूका थारू, राजवंशी, संतार, धिमाल, झागडँ, गनगई आदिलाई भारतको चम्पारण, संथालपरगाना, दिनाजपुर , लखिमपुर आदि ठाउँहरूमा शरण लिनुपऱ्यो । आज सम्पूर्ण तराईका ३० प्रतिशत भूमि पनि अब मधेशी समुदायसँग बाँकी रहेको छैन ।

पहाडी क्षेत्रहरूबाट तराईमा पहाडीहरूको आप्रवासनबाट अन्तर्राष्ट्रीय समुदायको ध्यान हटाउनको लागि तराईमा भारतबाट आप्रवासन भईरहेको छ भन्ने हिटलरको सूचना मन्त्री गोयवल्स शैलीमा नेपाल सरकारद्वारा झूठो प्रचार गरियो र गराईयो । राजा बीरेन्द्रको शासनकालमा तराईमा नेपालको पहाडी क्षेत्रहरू र नेपाल बाहिरबाट आप्रवासनको अध्ययन गरेर सुझाव सहित प्रतिवेदन पेश गर्नको लागि डा. हर्क बहादुर गुरूङ्गको अध्यक्षतामा एउटा आयोग गठन गरियो । सन् १९८३ मा प्रकाशित गुरूङ्ग प्रतिवेदन अनुसार पनि तराईमा ३८.५ प्रतिशत आप्रवासन भए । जसमध्ये ३१.६ प्रतिशत नेपालको पहाडी क्षेत्रबाट र ६.९प्रतिशत वर्मा, भूटान, तिब्बत तथा भारतका असम, अरूणाचल, कालिपोङ्ग, खर्साङ्ग, दार्जिलिङ्ग, देहरादून, बनारस, मेघालय, मणिपुर, मिजोरम, नागालैण्ड, त्रिपुरा आदि स्थानहरूबाट नेपालीमूलका पहाडी आप्रवासन भए । आयोगको प्रतिवेदनमा तराईवासीहरूलाई विस्थापित गर्नको लागि पूर्व-पश्चिम राजमार्ग भन्दा दक्षिणको वन कटानी गरेर पहाडीहरूलाई बसाउन र मधेशीहरूलाई भारत र नेपाल आवागमन गर्नको लागि एकल-प्रवेश, बहु-प्रवेश, कार्य-अनुमति र राहदानी जारी गर्न सुझाव दिएको थियो । मधेशीमाथि शंका गरेर नेपाल-भारत सीमाको दक्षिणी सीमान्त क्षेत्रहरूमा नियोजित रूपमा भूतपूर्व पहाडी सैनिकहरूलाई ल्याएर बस्ती बसाउने काम भयो ।

शासक पहाडी र शासित(गुलाम) मधेशीको लागि वेग्ला-वेग्लै लिखित र अलिखित कानूनहरू रहेका छन् । काठमाण्डौ र पहाडमा आन्दोलन नियन्त्रण गर्न पानीको फोहरा, अश्रुगैस, हवाईफाइर, लट्ठी र कानून अनुसार घुडा मुनि गोली प्रहार गर्छ भने तराई(मधेश)मा नेपालको संविधान २०७२ उलंघन गरेर र प्रचलित कानून मिचेर टाउँको, छाती र पेटमा गोली ठोकेर भटाभट हत्या गरे पनि ज्यान सम्बन्धी मुद्दा लाग्दैन ।

यसरी शाहकाल, राणकाल, वहुदलीय प्रजातन्त्र, निर्दलीय पञ्चायती प्रजातन्त्र, पुनस्थापित वहुदलीय प्रजातन्त्र र लोकतान्त्रिक गणतात्मक व्यवस्था.............

विश्व इतिहासले प्रमाणित गरेको छ कि जातीय, क्षेत्रीय, लिंगीय र वर्गीय शोषण र उत्पीडन भन्दा औपनिवेशिक शोषण र उत्पीडन नै प्रधान हुने गरेका छन् । जबसम्म कुनै पनि मुलुक वा समुदाय औपनिवेशिक शासन र शोषणबाट मुक्त हुँदैन, तबसम्म त्यो मुलुक वा समुदाय जातीय, क्षेत्रीय, लिंगीय र वर्गीय शोषण र उत्पीडनबाट मुक्त हुन सक्दैन । त्यसार्थ जबसम्म मातृभूमि तराई नेपाली शासनबाट मुक्त हुँदैन, तबसम्म तराईका मूल निवासीहरूको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, भाषिक तथा राष्ट्रिय पहिचान लगायतका अनेकौं विद्यमान समस्याहरूको वास्तविक र स्थायी समाधान हुन सक्दैन ।

इतिहासको मान्यता अनुसार कुनै पनि अभियानमा वाह्यि भन्दा आन्तरिक कारण नै प्रमुख हुन्छ । इतिहासको यो मान्यता तराई मुक्ति अभियानकोसन्दर्भमा पनि लागू हुन्छ । तराईको मुक्ति स्वतन्त्रताको बाधक संघियता पक्षधर मधेशवादी दलहरू नै हुन् । तराईको सम्पूर्ण राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विकृति र विसंगतिको केन्द्र बिन्दू बनेको औपनिवेशिक नेपाली( पहाडी) शासनलाई समूल नष्ट नगरी तराईको प्रगति र तराई(मधेश)का मूल निवासी(मधेशी)को सुरक्षा सम्भव छैन । तराई( मधेश)को लागि संघियता टाउँको दुखेको औषधि नाइटामा लगाउनु जस्तै हो ।

*(फेसबुकबाट साभार)*

# चुनाव पनि संघर्षको एक स्वरूप हो : यादव

वीरगन्ज । संघीय समाजवादी फोरम नेपाल पर्साका अध्यक्ष प्रदीप यादवले बन्दुकको जवाफ अब मधेशी जनताले ब्यालेटबाट दिने बताएका छन् । वीरगन्ज उपमहानगरपालिका वडा नम्बर २५ सिर्सियामा बिहीबार फोरम नेपालले आयोजना गरेको पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले चुनाव पनि संघर्षको एक स्वरूप भएकाले सदियौंदेखि मधेशी जनता माथि दमन गर्दै आएका कांग्रेस, एमाले र माओवादीलाई मधेशका जनताले अब चुनावमा मधेशी दललाई जिताएर सशक्त जवाफ दिने बताए ।

'मधेश आदोलनमा निहत्था मधेशी जनता माथि काँग्रेस, एमाले र माओवादीको सरकारले गोली चलाएर नरसंहार गऱ्यो', उनले भने, 'अब त्यसको जवाफ मधेशी जनताले चुनावबाट दिनेछन् । संविधान संशोधन नभएसम्म मधेशमा चुनाव हुन नदिने अडानमा फोरम नेपाल कायमै रहेको भन्दै फोरम नेपाल पर्साका अध्यक्ष यादवले तर पछिल्लो समयमा संशोधनका सवालमा सरकार लचिलो देखिएको बताए । मधेशमा स्थानीय तहको संख्या थप गर्न सरकार सकरात्मक देखिएको भन्दै उनले संविधान संशोधन गरेर मधेशमा स्थानीय तहको संख्या थप गरिए फोरम नेपाल दोश्रो चरणको चुनावमा सहभागी हुने बताए । अहिले राष्ट्रिय जनता पार्टी नेपालका नेताहरूले फोरम नेपालका बारेमा अनेक भ्रम फैलाउने काम गरिरहेको आरोप लगाउँदै उनले मधेशको मुद्दा र आन्दोलनको उठान फोरम नेपालले नै गरेकाले मधेशी जनता सदैव फोरम नेपालकै साथमा रहने दाबी गरे । मधेशको मुद्दा सम्बोधन नभएसम्म फोरम नेपाल संघर्षको मैदानबाट पछाडि नहट्ने उनले बताए ।



*पार्टी प्रवेश गराउँदै फोरम नेपाल पर्सा जिल्ला अध्यक्ष प्रदीप यादव (दायाँ) ।*

कार्यक्रमलाइ सम्बोधन गर्दै फोरम नेपालका नेता एंव समाजसेवी विजय कुमार सरावगीले मधेशको मुद्दा र मागप्रति पछिल्लो समयमा सरकार सकारात्मक देखिएको भन्दै मधेशमा स्थानीय तहको संख्या थपिने विश्वास व्यक्त गरे । चुनाव पनि आन्दोलनकै एक अर्को स्वरूप भएको भन्दै नेता सरावगीले अबको चुनाव मार्फत मधेशी जनताले खस शासकहरूलाई गतिलो जवाफ दिने बताए ।

वीरगन्ज वर्षौंदेखि उपमहानरपालिका रहेको भएपनि विकास निर्माणका सवालमा यहाँका ठूला दलका सांसद र नेताहरूले सधैं उपेक्षा गरेकाले नै वीरगन्जको दुर्दशा भएको सरावगीले बताए ।

कार्यक्रममा तात्कालीन तराई-मधेश लोकतान्त्रिक पार्टीका नेता विसु राउत कुर्मी र चनरदेव राउत कुर्मीको नेतृत्वमा करिब एक सय ५० जना फोरम नेपालमा प्रवेश गरेका थिए । फोरम नेपालका क्षेत्रीय उपाध्यक्ष मुन्ना साह कानुको अध्यक्षतामा भएको कार्यक्रममा फोरम नेपालका जिल्ला सदस्य विनोद चौरसीयाले पनि मन्तव्य व्यक्त गरेका थिए ।

# पहाडमा एमालेले पाएको सफलताले मधेशप्रति गरिने शंकालाई स्थापित गरेको छ

अब पहिलो चरणको चुनावमा एमालले अत्यधिक सिट हासिल गऱ्यो भने अबका दिनमा उसले मधेशलाई रिझाउने काम पनि गर्न सक्छ। मधेशलाई रिझाउने लाइनमा पनि एमाले जान सक्छ। नेकपा एमालेको मधेशप्रतिको दृष्टिकोण र अडानमा बदलाब पनि आउन सक्छ। किन भने दललाई भोट चाहिन्छ। नेकपा एमालेलाई मधेशबाट पनि भोट चाहिएको छ। त्यसैले विजयी प्राप्त गर्न त मधेशलाई रिझाउनुपर्ने हुन्छ। यसका लागि नेकपा एमाले केही नरमपना पनि दखाउन सक्छ।



**श्रीकृष्ण अनिरूद्ध गौतम**
**राजनीतिक विश्लेषक**

**० पहिलो चरणको स्थानीय चुनावको प्रारम्भिक नतिजा कस्तो लाग्यो ?**

– कम्तिमा पनि १० प्रतिशत मतगणना नभएसम्म अहिले नै भन्न सक्ने अवस्था छैन। वास्तविक दिशानिर्देश २५ प्रतिशत मतगणना भइसकेपछि मात्र हुन सक्छ। अहिले भएको पहिलो चरणको चुनावमा नेकपा एमालेको अग्रता देखिँदैछ। यसले गर्दा नेकपा एमाले स्थानीय तहमा राम्रो नतिजा ल्याउने आंकलन गर्न थालिएको छ।

**० मधेशमा नेकपा एमालेलाई नकारात्मक रूप लिने गरिएको छ। एमालेलाई त मधेश विरोधी नै भन्ने गरिएको छ। अर्कोतर्फ पहिलो चरणको नतिजा एमालेको पक्षमा आइरहेको छ। यसलाई कुन रूपमा लिनुहुन्छ ?**

– मधेशमा एउटा धारणा बनेको छ। यो धारणा कतिपय अवस्थामा आग्रहपूर्ण पनि छ। पहाडमा पनि एउटा आग्रह बनेको छ, मधेशप्रति। मधेशले पहाडलाई हेर्ने र पहाडले मधेशलाई हेर्ने आ-आफ्ना आग्रहहरू बनेका छन्। पहिलो चरणको चुनावले के देखाउँछ भने, पहाडको आग्रहले वैधता प्राप्त गर्न लागेको छ। पहाडले मधेशलाई एक किसिमले शंकाको दृष्टि गर्ने गर्छ। हो, पहिलो चरणको चुनावले यो शंकालाई स्थापित गर्छ।

**० भनेपछि नेकपा एमालेले पहाडमा मधेशप्रति देखिने शंकालाई मतका रूपमा भजाउन सफल भयो ?**

– मधेशलाई हेर्ने एउटा धारणा पहाडमा बनेको छ, शंकाको दृष्टिले हेर्ने। पछिलो मधेश आन्दोलनलाई शंकाको दृष्टिले हेर्ने एउटा धारणा बनेको छ। यो धारणा एउटा आग्रहमा आधारित छ। यो आग्रहले पुष्टि प्राप्त गर्दैछ।

**० त्यसो भए तीन वटा प्रदेशमा नेकपा एमालेले पाएको उपलब्धिलाई सकारात्मक भन्ने कि नकारात्मक ?**

– यदि आग्रहहरू स्थापित एभने त्यहि बिन्दुमा बसेर सम्वाद प्रारम्भ गर्नुपर्ने हुन्छ। यो एक किसिमको अडान बन्यो। अहिलेको जनमतले के देखायो भने एमाले हावामा बोलिरहेको छ कि एमालेको वास्तविक धरातल छ। एमालेको पछाडि जनसमर्थन छ कि छैन भन्ने कुराको पुष्टि भएको थिएन। अब नेकपा एमालेले अधिक जनमत पायो भने यो पार्टीले मधेशकेन्द्रित दलका मागप्रति लिँदै आएको अडानमा केही धरातल छ भन्ने हुन्छ। अब जस्तो सुकै परिणाम आए पनि त्यसबाट सकारात्मकताको मार्ग खोज्नुपर्ने हुन्छ।

**० संविधान संशोधन भयो भने सम्भवतः दोश्रो चरणको चुनावमा राष्ट्रिय जनता पार्टी पनि सहभागी हुनेछ। अर्कोतर्फ पछिलो चरणको चुनावमा नेकपा एमालेले सबैलाई उछिन्ने सम्भावना छ। दोश्रो चरणको चुनाव हुने धेरै जसो स्थान मधेशमा छन्। भनेपछि दोश्रो चरणमा मधेशमा एमाले अवस्था कस्तो रहला ?**

– अब पहिलो चरणको चुनावमा एमालले अत्यधिक सिट हासिल गऱ्यो भने अबका दिनमा उसले मधेशलाई रिझाउने काम पनि गर्न सक्छ। मधेशलाई रिझाउने लाइनमा पनि एमाले जान सक्छ। नेकपा एमालेको मधेशप्रतिको दृष्टिकोण र अडानमा बदलाब पनि आउन सक्छ। किन भने दललाई भोट चाहिन्छ। नेकपा एमालेलाई मधेशबाट पनि भोट चाहिएको छ। त्यसैले विजयी प्राप्त गर्न त मधेशलाई रिझाउनुपर्ने हुन्छ। यसका लागि नेकपा एमाले केही नरमपना पनि दखाउन सक्छ। अहिले यो सम्भावनालाई पनि अस्वीकार नगरी हालौं। राजनीति वास्तवमा स्वार्थमा चलेको हुन्छ। नेपालको राजनीतिलाई चलाउने स्वार्थ हो। सबै दलका आ-आफ्ना स्वार्थ छन्। के गरेर स्वार्थ पूर्ति हुन्छ, त्यही दलहरूले गर्छन्।

**० स्वार्थ त जनहितमा हुनुपर्ने हो नि ?**

– जनहितमा हुनुपर्ने हो। तर, त्यस्तो देखिँदैन। यही चुनावको कुरा गरौ न। नेपाली कांग्रेसका धेरै शुभचिन्तकको धारणा के थियो भने नेकपा माओवादी केन्द्रसँग तालमेल गरेर चुनावमा नजाओस्। नेकपा माओवादी केन्द्रसँगको तालमेलसँग उनीहरू सन्तुष्ट थिएनन्। सरकारमा गठबन्धन बनाउनु अलग कुरा हो। तर, चुनावमा गठबन्धन बनाउनु अलग कुरा हो। उनीहरूले आ-आफ्नो स्वार्थ पूर्ति हुने देखेपछि गठबन्धन गरे। हामी दुई मिलेर चुनावमा गयौं भने नेकपा एमालेलाई पछाडि धकेल्न सक्ने कांग्रेस र माओवादीको बुझाइ थियो। तर, यो बुझाइ गलत सावित भयो।

**० पहिलो चरणको चुनावले पाएको मतका कारण नेकपा एमाले मधेशप्रति लचक हुने विश्वास छ। भनेपछि पहिलो चरणको परिणामले संविधान संशोधनको सम्भावना बलियो पारेको हो ?**

– संविधान संशोधनप्रति म त्यति आशा गरेको छैन। संविधान संशोधनको कुरा धेरै पहिलादेखि नै अडकिरहेको छ। अब दोश्रो चरणको चुनावको समय पनि थोरै बाँकी छ। त्यसैले संशोधनका लागि समय पनि छैन। एकै चरणमा चुनाव गरेर पछि संविधान संशोधन गरेको भए मधेशको अवस्था के हुन्थ्यो त्यो त म भन्न सक्दिनँ। केही घटना पनि हुन सक्थयो। पहाडी क्षेत्रमा मात्र चुनाव हुने अवस्था रहन्थ्यो होला। संविधान संशोधन भएन भने, बाँकी चार वटा प्रदेशका जनता मदाधिकारबाट वञ्चित हुने देखिन्छ। तीन वटा प्रदेशमा स्थानीय तह रहने भयो र चार प्रदेशमा स्थानीय तह नरहने अवस्था आउन सक्छ। संविधान संशोधन भएन भने यस्तो किसिमको समस्या आउने बाला छ।

**० त्यसो भए यसपटक संविधान संशोधन हुने सम्भावना बलियो छ ?**

– संविधान संशोधन हुन्छ कि हुँदैन त्यो केही दिन थाहा भइहाल्छ। तर, संशोधनको बारेमा मेरो आफ्नै दृष्टिकोण छ। मेरो कुरा मधेशकेन्द्रित दलको पक्षमा नहुन सक्छ। अरू दललाई समर्थन गरेको जस्तो पनि लाग्न सक्छ। तर, म एकदमै वैधानिक कुरा गरिरहेको छु। अहिलेका जनप्रतिनिधिलाई संविधानसभाका लागि निर्वाचित गरिएको थियो। संविधानसभाबाट यी जनप्रतिनिधिले नयाँ संविधान दिएर कार्यभार पूरा गरे। तर, संविधान संशोधन गर्ने कार्यभार अहिलेका जनप्रतिनिधिको होइन। संविधान संशोधन गर्ने कार्यभार नयाँ जनप्रतिनिधिको हुन्छ। यो मेरो स्पष्ट दृष्टिकोण हो।

**० भनेपछि जसले संविधान बनाए उनैले संशोधन गर्नु उचित होइन ?**

– बनाउनेले नै संशोधन गर्नु हुँदैन। म त पहिलो संशोधनको पनि पक्षमा थिइनँ। यो मेरो व्यक्तिगत सोच हो। तर, संविधान संशोधनले नै सबै कुरा अडकिएको छ। संशोधन नभइकन चुनाव सम्भव छैन। मधेशको वास्तविक मनस्थिति के हो त ? मधेशको वास्तविक प्रतिनिधित्व कसले गर्छ ? मधेशले चाहेको के छ ? यी विषयमा गहन अध्ययन नै भएको छैन।

**० मधेश के चाहन्छ ? के हुनुपर्ने हो ? के भइरहेको छ ?**

– मधेशी जनता राष्ट्रको मुख्य प्रवाहमा बराबरको साझेदार भएर अगाडि बढ्न चाहन्छन्।

**० त्यसका लागि कसरी मार्ग बनाउने ?**

– हो, मार्ग बनाउने पात्रहरू गतिला छैनन्। झुक्याउन मात्र चाहन्छन्।

**० बराबरको हकका लागि संविधान संशोधन मार्ग हो कि होइन त ?**

– मार्ग हो, तर अहिले नै संविधान संशोधन सही मार्ग होइन। संविधान संशोधन प्रतिनिधिसभाको चुनाव भइसकेपछि नयाँ उर्जाका साथ मधेशबाट प्रतिनिधित्व होस्। जसले आफ्नो एजेण्डालाई स्थापित गरोस्। यसका साथै संसद्बाट यसको संशोधन होस्।

**० नयाँ जनादेश चाहियो ?**

हो, मधेश जसरी नयाँ ढंगबाट अगाडि बढेको छ, त्यसलाई हिजोको जनादेशले प्रतिनिधित्व गर्दैन।

**० तर, जुन मार्ग तपाईंले भन्नु भयो नि, त्यसको सम्भावना त शुन्य प्रतिशत छ नि, होइन ?**

– सम्भावना त धेरै कुराका थिएनन्। पहिला गणतन्त्रकै सम्भावना थिएन, संघीयताकै सम्भावना थिएन।

**० संघीय गठबन्धन, राजपा र फोरम नेपालले संविधान संशोधन नभइकन दोश्रो चरणको चुनाव हुन नदिने भनिरहेका छन् नि ?**

– म मधेशको भावनालाई स्वीकार्छु। मधेशको आवाजलाई बुलन्द पार्ने उपेन्द्र यादव नै हुन्। हामीले यसलाई अस्वीकार गर्न मिल्दैन। नेपाल सद्भावना पार्टीले लामो समयसम्म एउटा वाणीलाई मुखरित गरिरहेको थियो। यो वाणीलाई उच्च स्वरमा लिएर आउने चाहीं उपेन्द्र यादव हुन्। उपेन्द्र यादवको दल त स्थानीय चुनावमा सहभागी भयो। उनी निर्वाचनबाट विमुख हुन गइरहेको छ जस्तो लाग्दैन। महन्थजी, गच्छदारजी यिनीहरू त पछि आएका हुन्। मधेशमा लहर आएको थियो। त्यसबेला आफूहरू मधेशबाट बढारिने त होइन भन्ने सोचले उहाँहरूले दल खोलेका हुन्। यो कुरा उहाँहरूको आचरणबाट पनि देखिँदैछ। सुरूदेखि नै मधेशलाई प्रतिनिधित्व गर्दै महन्थजी आउनुभएको होइन। उहाँ पहिला नेपाली कांग्रेसमा हुनुहुन्थ्यो। मधेशका अरू पाटाहरू पनि छन्। मधेशको वास्तविक प्रतिनिधित्व भइरहेको जस्तो लाग्दैन। मधेशकेन्द्रित दलले मधेशलाई प्रतिनिधित्व गरिरहेको जस्तो पनि मलाई लाग्दैन। अहिले जुन संशोधनको प्रस्ताव आएको छ, यसले पनि मधेशलाई सम्बोधन गरेको जस्तो मलाई लाग्दैन। संशोधन प्रस्तावले मधेशकेन्द्रित दललाई निर्वाचनमा जान मात्र मार्ग सहज बनाइदिन्छ।

**० संविधान संशोधन प्रस्ताव मधेशीका लागि होइन मधेशकेन्द्रित दलका लागि हो ?**

– मधेशीको आकांक्षालाई अहिलेको संशोधन प्रस्तावले प्रतिनिधित्व गर्छ जस्तो मलाई लाग्दैन।

**० मधेशीका एजेण्डा फरक र मधेशकेन्द्रित दलका एजेण्डा फरक छ ?**

– हो, म त्यही भन्न खोजेको हुँ।

**० त्यसो भए मधेशीका एजेण्डा के हुनुपर्ने हो ?**

– यसमा छलफल चलाउनु पर्छ। अहिले सबै भावनामा बगेका छन्। यी भावनालाई तार्किक निष्कर्षमा ल्याउनुपर्छ। दुई वटा पृथक धारणाहरू छन्। पहाडलाई हेर्ने अलग दृष्टिकोण मधेशमा छ, मधेशलाई हेर्ने अलग दृष्टिकोण पहाडमा छ। मधेशको पुरानो पुस्ताले सहदै आएको थियो, तर नयाँ पुस्ता अब सहन गर्न चाहँदैन। मधेशको नयाँ पुस्ताले एउटा धारणा बनाएको छ। पूर्वजले भोगेका पीडा म भोग्दिनँ युवा पुस्ताले भनिरहेको छ।

**० संविधान संशोधनविरूद्धको अडान कुनै न कुनै रूपमा एमालेका लागि हितकर सावित भयो। त्यसरी नै संविधान संशोधन हुनै पर्ने अडानले अबको चुनावमा राष्ट्रिय जनता पार्टीले जनमत पाउने सम्भावना कत्तिको छ ?**

– छ। त्यो सम्भावना पनि छ। मधेशीको सघनता भएका ठाउँमा राजपाको अत्यधिक जनमन आउने सम्भावन छ। तर, तराईमा मधेशीमुलका मात्र होइन पहाडी मुलमा मानिस पनि उल्लेख्य मात्रामा छन्। त्यसैले मतविभाजन पनि तीव्र गतिमा हुने सम्भावना छ।

**० आग्रहका आधार गरिने राजनीतिलाई कुन रूप दिनुहुन्छ ?**

– म यस्तो राजनीतिलाई समर्थन गर्दिन। जातजाति, क्षेत्रीयता जस्ता कुरा आउनु हुँदैन। तर, जसले न्याय र अधिकार पाएका हुँदैनन्, तिनीहरूले कसरी आवाज उठाउने छ ? कसरी आफ्ना माग सम्बोधन गराउने त ? यसको पनि उत्तर खोजिनु आवश्यक छ।

**० तत्काल संविधान संशोधनको सम्भावना छ ?**

– मेरो विचारमा दलहरू अहिले नै छलफल गरी यस विषयमा एजेण्डा सेट गर्नुपर्छ। र, निर्वाचन पछि यो कुरालाई हामीले प्रस्तुत गर्दा राम्रो हुन्थ्यो। निर्वाचनपछि संशोधन गर्नुपर्छ भनेर अहिले नै दलहरूबीचमा सहमति हुँदा राम्रो हुन्थ्यो। जसरी अन्तरिम संविधान रहेकै बेला गणतन्त्र घोषणा गर्ने दलहरूबीच सहमति भएको थियो। र, संसद्को पहिलो बैठकबाट नै मुलुक गणतन्त्रमा गएको भनेर घोषणा गरिएको थियो। हो, यसरी नै पूर्वसहमति बनाएर चुनावमा गएर नयाँ म्यान्डेट ल्याएर एजेण्डालाई अगाडि बढाउनुपर्छ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

संविधान संशोधन भएन भने, बाँकी चार वटा प्रदेशका जनता मदाधिकारबाट वञ्चित हुने देखिन्छ। तीन वटा प्रदेशमा स्थानीय तह रहने भयो र चार प्रदेशमा स्थानीय तह नरहने अवस्था आउन सक्छ। संविधान संशोधन भएन भने यस्तो किसिमको समस्या आउने बाला छ।

संशोधन नभइकन चुनाव सम्भव छैन। मधेशको वास्तविक मनस्थिति के हो त ? मधेशको वास्तविक प्रतिनिधित्व कसले गर्छ ? मधेशले चाहेको के छ ? यी विषयमा गहन अध्ययन नै भएको छैन।

संविधान संशोधन प्रतिनिधिसभाको चुनाव भइसकेपछि नयाँ उर्जाका साथ मधेशबाट प्रतिनिधित्व होस्। जसले आफ्नो एजेण्डालाई स्थापित गरोस्। यसका साथै संसद्बाट यसको संशोधन होस्।

मधेशको आवाजलाई बुलन्द पार्ने उपेन्द्र यादव नै हुन्। हामीले यसलाई अस्वीकार गर्न मिल्दैन। नेपाल सद्भावना पार्टीले लामो समयसम्म एउटा वाणीलाई मुखरित गरिरहेको थियो। यो वाणीलाई उच्च स्वरमा लिएर आउने चाहीं उपेन्द्र यादव हुन्। उपेन्द्र यादवको दल त स्थानीय चुनावमा सहभागी भयो। उनी निर्वाचनबाट विमुख हुन गइरहेको छ जस्तो लाग्दैन। महन्थजी, गच्छदारजी यिनीहरू त पछि आएका हुन्।

# शान्ति पत्रकारिता गर्न द्वन्द्व बुझ्नुपर्छ

राकेश प्रसाद चौधरी



नेपाली पत्रकारहरू राजनीतिक झुकाव र वैचारीकरणले अत्याधिक प्रभावित र प्रलोभित भएका कारण शान्तिका लागि पत्रकारिता सबैले गर्न नसकेको यथार्थ छ।

देश अहिले पूराना राजनीतिक संघर्ष अर्थात 'जनयुद्ध', 'मधेश बिद्रोह' एवं बिभिन्न अधिकारमुखि राजनीतिकबाट सत्ता केन्द्रित राजनीति व्यवस्थापन गर्न लागिपरेको छ। तथापि देशमा द्वन्द्वको अबस्था भने कायमै छ। देशको सम्पूर्ण भूगोलमा छरिएर रहेको दश बर्षे माओवादी संघर्ष सत्तामा पुगेर शान्तिपूर्ण बाटोमा हिड्न थालेपनि त्यसभित्रकै एउटा पक्ष एवं मधेशी, जनजातिलगायतका बिभिन्न सरोकारवाला पक्षहरू अझैसम्म द्वन्द्वको सेरोफेरोमै छ। अर्थात सत्तापक्षसँग अधिकार माग्न संघर्षरत छ।

सधारणतया द्वन्द्व असहमति हो। कुनै एक पक्षको बिचार वा शैलीमा अर्को पक्ष असहमत हुनु नै द्वन्द्व हो। परिभाषालाई मात्रै आधार मान्ने हो भन्ने विश्वको कुनै पनि ठाउँ द्वन्द्वविहीन छैन। पहिलो चरणमा यो सकरात्मक हुन्छ। समयमै यसबारे बहस, बिश्लेषण र छलफल गर्न सके समझदारीका थुप्रै मार्गहरू खोल्न सकिन्छ। त्यही थुप्रै मार्ग वा विकल्पहरू खोज्न मद्दत गर्ने, बाटो देखाईदिने काम शान्ति पत्रकारिताले गर्छ।

राणाकालिनदेखि अहिलेसम्मको राजनीतिक पुग्नुपर्नेमा पहिलो कारण द्वन्द्व हो भने त्यसपछिको व्यवहार र उत्कर्ष अर्थात कत्लेआम संघर्ष मान्नुपर्छ। यसमा प्रत्यक्ष वा अप्रत्यक्ष देशका हरेक नागरिक सहभागी भएका हुन्छन्, सहभागी नभए प्रभावित भएका हुन्छन्।

पत्रकारितामा यथार्थ, संतुलन र विश्वसनियता भएजस्तै द्वन्द्वमा समेत सोच, व्यवहार र विमति हुन्छ। जबसम्म द्वन्द्व बुझ्दैन जबसम्म त्यसप्रति संवेदनशिल हुने कुरा गर्नुपनि गलत हुनसक्छ। यसकारण यसको बुझाईमा प्रष्टता आवश्यक रहन्छ। एउटा पत्रकारले आफ्ना कार्यक्षेत्रका द्वन्द्वबारे भिज्ञ वा जानकारै हुनैपर्छ। त्यस्तो नभएसम्म शान्ति पत्रकारिताको सम्भावना निकै कम हुन्छ।

उदाहरणका लागि नेपालभरि वा नेपालको कुनै क्षेत्रमा विमति राखेर भइरहेको बैचारिक आन्दोलन वा संघर्ष के हो र किन भइरहेको छ भनेर बुझ्नुको साथै संचारकर्म गर्नेहरूले दैनिक घटनाक्रमसम्म मात्रै सिमित राखेका हुन्छन्। कहिलेकाही देशैभर एकै किसिमको लक्ष्यका लागि फरक फरक आन्दोलन पनि भइरहेको हुन्छ। त्यसको कारणको ठम्याई र समाधानको उपाय पनि दिन पत्रकारिताको धर्म हो।

पत्रकारिता कहिल्यै वर्ग, राजनीतिक दर्शन वा नश्लिय चिन्तनले प्रेरित छ भने त्यहाँ शान्ति पत्रकारिताको आश गर्न त सकिन्छ तर त्यस्तो प्रयास गर्नेहरूको संख्या अत्यन्तै न्यून हुनजान्छ। पत्रकारितामा सबैभन्दा ठुलो समस्या अहिले मानव संशासन वा प्रति समाचार खर्च गरिने रकम अत्यन्त न्यून छ। शान्ति पत्रकारिता गर्न समालोचनात्मक सोचाईको आवश्यकता पर्दछ, जहाँ एउटा संचारकर्मीले आफ्नो ज्ञान, सीप र अनुभवको सही सदुपयोग गर्न सकोस।

शान्ति पत्रकारिता गर्नेले द्वन्द्वका लक्ष्यहरूबारे अवगत हुनुपर्ने शान्तिका लागि पत्रकारिता अवधारणा र अभ्यास पुस्तकमा हस्त गुरूङ्गले मुख्य रूपमा परस्पर विरोधी, महत्वकांक्षी र घृणा हिंसाको साधानायुक्त लक्ष्यबारे वर्णन गरेका छन्। परस्परविरोधी लक्ष्य भनेको अहिलेको अवस्थामा संविधान संशोधनको पक्ष र बिपक्षमा बाँडिनु, प्रत्यक्ष कार्यकारी राष्ट्रपति हुनु वा नहुनु हो। यसको एक किसिमको फरक अवस्थाको सिर्जना गर्छ। पहिला संसदीय व्यवस्था चाहिने वा नचाहिनेमा परस्पर बिरोध भएकै हो भन्ने कुरा पनि बुझ्नपर्छ।

महत्वकांक्षी लक्ष्य लिनेहरू नै द्वन्द्वका कारक मानिन्छन्। हिटलर र नेपोलियनको महत्वकांक्षाले विश्वभर हिंसा र युद्ध फैलिएको थियो। अहिले नेपालमा राजतन्त्रको फिर्ती र फरक देश बनाउने कुराले द्वन्द्व छ भन्ने कुरा देखाउँछ।

घृणा/हिंसाको चक्र स्थापित हुन पुगेमा द्वन्द्व/हिंसा समाधानको परिधिभन्दा बाहिर जान सक्छ। यो अवस्थामा पत्रकारिता पनि संकमा पर्न सक्छ। यस्तो बेलामा शान्ति पत्रकारिताभन्दा पनि एजेण्डा, प्रोपेगाण्डालक्षित पत्रकारिताको सम्भावना सबैभन्दा बढी हुनेगर्दछ।

शान्तिका लागि पत्रकारिताको अभ्यास गर्नेले के बुझ्नपर्छ भन्ने द्वन्द्वले गति लिन्छ, मन्द हुन्छ र पुनः आकार लिन्छ। त्यस्तै यो मत्थर भएपनि विलिन हुँदैन। यसमा सहभागी शक्तिहरू आफ्ना लक्ष्य मात्रै परिवर्तन गरेका हुन्छन्। अहिले तराई मधेशमा भइरहेको विमतिको सत्य राज्य वा आन्दोलनरत पक्षबाट गौण राख्ने प्रयास भइरहेको छ। द्वन्द्वमा सबैभन्दा ठुलो संकट सत्य प्राप्तिकै हो।

केप टाउन विश्वविद्यालयका मानवशास्त्री लेसले फोर्ड्रे र मिडिया पिस सेन्टर केप टाउन (दक्षिण अफ्रिका) की अध्यक्ष मेलिसा बाउमानले द्वन्द्वसम्बन्धी समाचारको निरन्तर अध्ययन गरेर द्वन्द्वसम्बन्धी सन्तुलित समाचार वा शान्तिका लागि पत्रकारिता गर्न नयाँ ढाँचा देखाएका छन्। जसमा पत्रकारको भूमिका समाजको सहयोगी, सक्रिय सञ्चारकर्ता, समुदायको चासो विषय छान्ने, समाजिक विषय खोजेर लेख्ने उल्लेख छ। त्यस्तै कुराकानी गराउने, सहमति र फरक मत प्रस्टायाईदिने र छलफल गराउने लेखनशैली र कथावस्तु अगाडि ल्याउनुपर्छ। त्यही पत्रकारिताको विधिमा गुत्थी सुल्झाउने, द्वन्द्व बुझ्न सकिने आधार दिने, प्रक्रिया बुझ्न सजिलो पार्ने, स्वच्छ समाधार दिने, दुईपक्षको प्रतिनिधित्व हुने गरी समाचार सन्तुलन गर्ने र उपलब्धि र हानिको समीक्षा गरिदिने पर्छ।

पाठक र स्रोतप्रतिको व्यवहारका लागि समस्या समाधानका लागि समाजबाट जानकारी लिने, पाठक/स्रोताको मन जित्ने, समुदायमा गएर विषय तय गर्ने, जनसाधारणको राय बुझ्न जरूरी ठान्ने, समाचार आफैले खोज्नुपर्छ भन्ने मान्यता राख्ने तथा समाजिक मूल्यमान्यतामा आधारित समाचार लेख्ने गर्नुपर्दछ।

समाजशास्त्री ओवलेशले कसैको बल वा शक्ति प्रयोग स्वतः हिंसा नभई हिंसात्मक व्यवहार हिंसा हुने लेखेका छन्। शान्तिका लागि पत्रकारिता गर्नेले द्वन्द्वरत पक्षहरूबीच विश्वास सिर्जना गर्दै व्यवसायिक धर्मको पालना गर्नुपर्दछ। त्यस्तै आधिकारिक र यथार्थ सूचना सम्प्रेषण एवं वास्तविक सूचना स्रोतसम्मको पहुँच बनाउनुपर्दछ। अहिलेसम्म भौगोलिक अधिकारका वा संघीयताका लागि चलेको आन्दोलनहरूमा यस किसिमको पत्रकारिता भएको देखिएको छैन। समाचारका शिर्षक नै वर्गीय, क्षेत्रीय र नश्लिय चिन्तनग्रसित हुन्छ। जति सन्तुलन गर्दा पनि त्यो एकपक्षिय भएकै कारण एउटै समाचारमाथि अविश्वास र विश्वासको वातावरण निर्माण हुने गरेको पाइन्छ।

अहिले पनि पत्रकारिताले पूरै विश्वास गुमाईनसकेको अवस्था छ। अमेरिकालगायत ठुला देशहरूमा समेत पत्रकारितामाथिको विश्वासको प्रतिशतबारे बहस भइरहेको बेला नेपालमा समेत यस्तै बहस शुरू भइसकेको छ। शान्तिका लागि पत्रकारिता गर्नेहरू शान्तिमुखी, सत्यमुखी, सर्वसाधारणलाई महत्व दिने तथा समाचारको खोजी गरेर समाचार प्रकाशन/प्रशारण गर्ने गर्दछन्। त्यही हिंसामुखी हुनेले भ्रममुखि, नेताहरूको बोली र बिचार बढी भन्दा बढी राख्ने र विजय कसरी हुनेबारे समाचारहरू प्रकाशन/प्रशारण गर्ने गर्दछन्।

नेपालमा भइरहेको बिभिन्न अधिकारमुखी द्वन्द्वबाट उत्पन्न असहज एवं मृत्युवरणसम्मको घटनामा कुन पक्षको बढी दोष छ भनेर पुष्टि गर्न प्रत्यक्षदर्शीसँग कुरा गरेर सूत्रकथाको खोजी गर्नुपर्दछ। यस्तो परिस्थितीमा सबैभन्दा पहिला बाँचेकाहरूको बारेमा समाचार लेखिदिनुपर्छ। त्यसले देखेको, भोगेको कुरा अर्को निष्पक्ष स्रोतसँग परीक्षण गरी प्रकाशन वा प्रशारण गरिनुपर्छ। जसले गर्दा समयमै उपचारको आवश्यकता रहेकालाई सम्बन्धित ठाउँमा पुऱ्याउन सकिन्छ। त्यसैगरि कसरी उद्धार भयो लगायतका कुराहरूलाई बढी ध्यान दिनुपर्छ। आपतविपत् एवं हिंसाका बेला पत्रकारहरूले मृतकको संख्या यकिन नगरिकनै सम्प्रेरण गर्ने समस्या अझैसम्म यथावत छ। शान्तिका लागि पत्रकारिता गर्नेले सबैभन्दा पहिला मृतक वा हराएका मानिसको नाम, उमेर, ठेगाना, पहिरन र आकृतिबारे प्रत्यक्षदर्शी, उद्धारकर्मी वा सरोकारवालासँग प्रष्ट हुनुपर्दछ।

एउटा संचारकर्मीले मृतकको शारीरिक अबस्थाबारे लेखेको समाचारकै कारण मृतकका आफन्तहरू बेदना सहन गर्न नसकेर बेहोस हुने वा मानसिक असन्तुलनको अबस्थामा आउन सक्छ। मृतकको शारीरिक अबस्था भनेको गिदी निस्केको, आँखा निस्केको, टाउँको छिनेको, डढेर कालो भएको लगायतका अवलोकन वा स्रोतबाट आएका कुरामाथि ध्यान दिनुपर्दछ। बिभिन्न अधिकारमुखि आन्दोलन, हत्या, हिंसाको बेला यस्तो कुराहरू समाचार नआएको भने होइन। सामाजिक सञ्जालमा मात्र नभई मूलधारको संचारमाध्यममा समेत यस्ता खालका कुरा आउन नदिन ध्यान दिइनुपर्दछ।

नेपाली पत्रकारहरू राजनीतिक झुकाव र बैचारिकरणले अत्याधिक प्रभावित र प्रलोभित भएका कारण शान्तिका लागि पत्रकारिता सबैले गर्न नसकेको यथार्थ छ। राजनीति पार्टी र राजनीतिकर्मीको लगानी भएको संचारमाध्यममा मात्र नभई व्यक्तिगत, सामुदायिक र सामुहिक लगानीमा संचालित संचारमाध्यमका संचालक र त्यसमा काम गर्ने श्रमजीवि समेत झुकाव र बैचारिकरणले अध्याधिक संकमित भएको अबस्था छ। तथापि केही संचारमाध्यम र संचारकर्मीले शान्तिका लागि पत्रकारिता गरिरहेको अबस्था छ। अहिलेलाई त्यो संख्या एकदमै कम होला। जसले अमृत बाड्ने काम गरेको छ। किनभने आग्रह, पूर्वाग्रह र पक्षपाती सोच राखेर गरिने पत्रकारिताले मन्द अथवा कडा बिष फैलाएर अन्ततः समाजलाई द्वन्द्वतर्फ अभिप्रेरित गरिरहेको हुन्छ। त्यसकारण पनि समाजमा हिंसारहित वातावरणको निर्माण गर्न शान्तिका लागि पत्रकारिता गर्नुपर्छ।

# विद्युत चोरी चरम सीमामा, नियन्त्रण गर्ने निकाय असक्षम

राकेश यादव, रौतहट। रौतहट जिल्लामा नेपाल विद्युत प्राधिकरणले विद्युत चुहावट नियन्त्रण गर्न असक्षम देखिएको छ। विद्युत चोरी नियन्त्रण गर्नलाई चुहावट टोली परिचालन गरिए पनि जिल्लाको उत्तरी भेगमा खुलेयाम रूपमा विद्युत चोरी गर्ने कार्य भइरहेको देखिएको छ।

स्थानीय गाउँ विकास समिति मटीअर्वामा मेन सप्लाईको तारमा फलामको किल्ला ठोकी हुकिंग गरी विद्युत चुहावट गर्ने कार्य भइरहेको छ।

नेकपा माओवादी केन्द्रका सांसद प्रभु साहको निर्वाचन क्षेत्र नम्बर ३ अन्तर्गत पर्ने उक्त गाविसको वार्ड नम्बर ८,९ मा नेपाल विद्युत प्राधिकरणले कालो पीभीसी तार जडान गरेपनि हुकिंग प्रकिया रोकिएको छैन। माओवादीकै सांसद सत्यनारायण भगत विन ऊर्जा राज्यमन्त्री छन्।

विद्युत चुहावट नियन्त्रण गरी लोडसेडिंग मुक्त नेपाल बनाउने सरकारको अभियान सञ्चालन रहेको बेला ऊर्जा राज्यमन्त्रीकै जिल्लामा विद्युत चोरी चरम सिमा नाघेका छन्। पार्टीका एउटा सांसद ऊर्जा राज्य मन्त्री तथा अर्का सांसदको क्षेत्रमा खुलेयाम विद्युत चोरी हुनु दुखद हो।

जिल्लाबासी लोडसेडिंगको समस्या भोगिरहेको अवस्था रहेका छन्। ग्रामीण भेगका अजगैवी, इनवरवा, इनरवारी, सोनरनिया, पथराबुधराम लगायतका गाउँमा दिनभरी हुक प्रयोग भइरहेको हुन्छ।

दिनदहाडै भइरहेको विद्युत चुहावटमा अप्रत्यक्ष रूपमा विद्युत प्राधिकरणकै कर्मचारी सघाइरहेको स्रोतको दावी रहेको छ। प्राधिकरण शाखा प्रमुख विनोद यादवको निष्क्रियताले यस्तो अवस्था आएको सर्वसाधारणको आरोप रहेका छन्।

विद्युत चुहावट भइरहेको गाउँका स्थानीयका अनुसार चुहावट नियन्त्रण टोली गाउँ तीर आउन लागेको सूचना पहिला नै प्राप्त हुन्छ र तारमा प्रयोग गरिएको हुक सबैले हटाई लिन्छ। गोप्य रूपमा गर्नुपर्ने कार्य पहिला नै सार्वजनिक हुने गरेकोले चुहावट नियन्त्रण गर्न कठिन भएको हो।

एकले नियन्त्रण गर्ने तथा अर्कोले चोरीमा समर्थन गर्ने स्थानीय कर्मचारीको कार्यले ठूलो चुनौती थपेका छन्। नेपाल सरकारका ऊर्जा मन्त्रालयले एकै चोटी रौतहटका ४२ जना स्थानीय कर्मचारीलाइ सरूवा गरे पनि राजनितिक हस्तक्षेपका कारण त्यों सफल हुन सकेन। रौतहटमा विधुत चुहावट रोक्नलाइ स्थानीय कर्मचारीको जिलान्तर सरूवा बाहेक अरू विकल्प नरहेको जानकारहरूको बुझाईरहेको छ।

थप जानकारी लीनलाइ गौर वितरण कार्यालयका प्रमुख यादवलाइ फोन गर्दा फोन रिसीव नगर्नुले प्रतिक्रिया समावेश गर्न सकिएको छैन।

## प्रतिबन्धित भारूसहित १५ जना पक्राउ

काठमाडौं। प्रतिबन्धित भारतीय रूपैयाँसहित नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले १५ जनालाई पक्राउ गरेको छ। ब्युरोबाट खटिएको टोलीले भारतमा प्रतिबन्ध लगाइएको रू ५०० र रू एक हजार दरका दुई करोड १६ लाख ६१ हजार भारतीय रूपैयाँसहित मङ्गलबार पक्राउ गरी बुधबार सार्वजनिक गरेको हो। पक्राउ पर्नेमा कमला भण्डारी, दिलीपकुमार लाल, मेघबहादुर थापा, सानुराजा रञ्जित, राजकुमार गिरी, अङ्कुर अग्रवाल, दिनेश अग्रवाल, अनिलकुमार पन्साली, सुरेन्द्रकुमार साङ्घाई, सञ्जयकुमार चौधरी, नवराज गुरूङ, पृथ्वी शाह, अमी रूद्दीन, मजेन लामा र पूर्णबासी गुप्ता रहेका छन्। उनीहरूले झोलामा लुकाएर सेन्ट्रो कारमा ल्याउँदै गर्दा प्रहरीले फेला पारेको हो।

## म्यादी प्रहरी खटाइए

कैलाली। दास्रो चरणमा निर्वाचन हुने कैलाली कञ्चनपुरका म्यादी प्रहरीलाई गाउँ-गाउँमा खटाइएको छ। म्यादी प्रहरीमा छनोट भएकाको तालिम सकिएपछि उनीहरूलाई गाउँगाउँमा खटाइएको हो। सुरूमा वैशाख ३१ गते एकैचरणमा देशभर निर्वाचन हुने भनिएकाले म्यादी प्रहरी देशभर एकैपटक छानिएका थिए। तालिम सकिएपछि अहिलेदेखि नै शान्ति सुरक्षा कायम गराउन र गाउँगाउँमा प्रहरीको उपस्थिति देखाउनका लागि म्यादी प्रहरीलाई खटाइएको कञ्चनपुर प्रहरीले जनाएको छ।

## मधेश अपडेट

### बाबा रामजनम तिवारीको पुण्यतिथि मनाइयो



वीरगन्ज। नेपाल सद्भावना पार्टीका संस्थापक स्वर्गीय बाबा रामजनम तिवारीको १८औं पुण्यतिथिको अवसरमा वीरगंजमा राष्ट्रिय जनता पार्टी नेपालले कार्यक्रम गरी मनाएको छ। पुण्यतिथिको अवसरमा वीरगंजको घण्टाघरमा रहेको स्वर्गीय तिवारीको शालिकमा माल्यार्पण गरिएको थियो। माल्यार्पण कार्यक्रम रामजनम गजेन्द्र नारायण स्मृति प्रतिष्ठानले आयोजना गरेको थियो। प्रतिष्ठानका अध्यक्ष शिव पटेल, राजपाका नेताहरू नेजामुदिन समानी, राजेशमान सिंह, कृष्णा पटेल, प्रेमबाबु पटेल, पन्नालाल गुप्ता, मुकेश सरावगी, ओमप्रकाश सर्राफ, रेखा साह, धमेन्द्र पटेल, विपिन यादव, धुरेन्द्र पटेललगायतको सहभागिता थियो। राजपाका उपाध्यक्ष सुरेन्द्रप्रसाद कुर्मीले मधेश र मधेशवादको जननी बाबा रामजनम तिवारी आजीवन बिनास्वार्थ काम गरेको व्यक्तित्व भएको बताए। उनले बाबा रामजनमको जीवनबाट आजका युवाले धेरै कुरा सिक्न सक्ने बताए।

### राजपाद्वारा रौतहटमा शक्ति प्रदर्शन



राकेश यादव, रौतहट। राष्ट्रिय जनता पार्टी नेपालका कार्यकर्ताहरूले रौतहटमा आसन्न स्थानीय तहको निर्वाचनको विरोधमा बृहत् रूपमा शक्ति प्रदर्शन गरेका छन्। राजपा नेपाल केन्द्रीय कार्यालयको पूर्वघोषित कार्यक्रमअनुसार रौतहटका कार्यकर्ताहरूले बृहत रूपमा मोटर साइकल रैली आयोजना गरी शक्ति प्रदर्शन गरेका हुन्। संविधान संशोधन बिना मधेशमा स्थानीय निर्वाचन हुन नदिने घोषणा गरेको संघीय गठवन्धनमा आवद्ध राजपाले विरोध रैली आयोजना गरी गाउँ गाउँमा चुनावमा भाग नलिन सर्वसाधारणलाइ जानकारी गराएका छन्। सदरमुकाम गौरबाट सयौंको सहभागितामा निस्केको मोटरसाइकल रैली नगर परिक्रमा गर्दै जिल्लाको सबै निर्वाचन क्षेत्रको भ्रमण गरेको राजपाका अध्यक्ष मण्डलका अध्यक्ष शेख जमशैदले जानकारी दिएका छन्। महासचिव अजय कुमार गुप्ताको विशेष सहभागितामा झण्डासहित निस्केको रैली गंगा पिपरा, माधोपुर, मलाही, बलचनपुर, कनकपुर कटहरिया, सन्तपुर, मौलपुर, बंकुल, राजपुर फरहदवा हुँदै पुनः गौर आई सम्पन्न भएका थिए। रैलीमा सहभागी भएका राजपा कार्यकर्ताहरूले मधेशी एकता जिन्दावाद, संविधान संशोधन प्रस्ताव पारित गर, संशोधन विना निर्वाचन हुँदैन, मधेशीको माग पूरा गर जस्ता नारा लगाएका थिए।

### अरोपहरू गलत : सांसद शाह

मो. इमरान खान, कपिलवस्तु। कपिलवस्तुको क्षेत्र नं. ५ का सांसद अभिषेक प्रताप शाहले सांसद नरसिंह चौधरीले आफू माथि लगाएका सम्पूर्ण अरोपहरू झुठा र अर्थहीन भएको बताए। उनले एक प्रेस विज्ञप्ति निकाल्दै सांसद चौधरीले आफूमाथि लगाएको सम्पूर्ण अरोप गलत भएको बताए। सांसद चौधरीले अधुरो, अपुरो योजनाको अनुगमन गरी गलत अफवाह फैलाएको सांसद शाहले बताएका छन्। सांसद शाहले निकालेको विज्ञप्तिमा लेखिएको छ, 'जि. वि. स. कपिलवस्तुबाट खटेका समानुपातिक सांसद तथा अनुगमन समिति संयोजकमा. नरसिंह चौधरीले मेरो संसदीय क्षेत्र कपिलवस्तु क्षेत्र नं. ५ को निर्वाचन क्षेत्र पूर्वाधार विकास विशेष कार्यक्रमअन्तर्गतका योजना अनुगमन गर्दा अधुरो र प्रारम्भिक अवस्थामै रहेका योजनाहरू परेका छन्।'

### सामाजिक कार्यमा जुट्दै रूपन्देही युवाका समूह

भैरहवा। रूपन्देहीमा क्रियाशील संस्था रूपन्देही युवा समूह सामाजिक कार्यमा जुटेको छ। त्यसै क्रममा समुहले शुक्रबार सिद्धार्थनगर नगरपालिका-६ स्थित पशुपति शिक्षा मन्दिरमा अध्ययनरत १६ जना विद्यार्थीहरूलाई स्टेशनरी सामाग्री वितरण गरेको छ। संस्थाले आफनो नियमित कार्यक्रम अनुसार विद्यार्थीहरूलाई स्टेशनरी सामाग्री वितरण गरेको कार्यक्रम संयोजक धर्मेन्द्र केवटले बताए। कार्यक्रमलाई सम्बोधन गर्दै युवा समाजसेवी रविकान्त उपाध्यायले अहिले बोल्ने भन्दा पनि काम गर्ने समय आएकोले युवाहरू सिर्जनशील कार्यमा अग्रसर हुनुपर्ने बताए। त्यसै गरी पशुपति शिक्षा मन्दिरका प्रधानाध्यापक अवधेश मिश्रले युवा भनेको परिवर्तनको संवाहक भएको र अब देशको जिम्मेवारी पनि युवाकै कांधमा आएकोले देश निर्माणमा महत्वपूर्ण भुमिका खेल्नु युवाहरूलाई आग्रह गरे। संस्थाका अध्यक्ष विशाल गुप्ताको अध्यक्षता, युवा समाजसेवी एवं श्री बोगडी माध्यमिक विद्यालयका सुचना अधिकारी रविकान्त उपाध्यायको प्रमुख आतिथ्यता, पशुपति शिक्षा मन्दिरका प्रधानाध्यापक अवधेश मिश्रको विशिष्ट आतिथ्यता, युवा समाजसेवी अभिलाष सहानी लगायतको आतिथ्यता तथा शिक्षक विजय ठाकुरको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो। सोही अवसरमा रूपन्देही युवा समुहमा आबद्ध भएका नयाँ सदस्यहरू युवाहरू तुहेद आलम, आकाश जैसवाल, राजन उपाध्याय, सफिक खान, गोपाल भुज, असफाक खान, आसिफ हुसेन र इनामुल्ला खानलाई सम्मान समेत गरिएको थियो।

### झापामा मधेशवादी दलसहित ३१ दल दर्ता

झापा। दोस्रो चरणको स्थानीय तह निर्वाचनका लागि आन्दोलनरत् मधेशवादी दलहरूसहित ३१ वटा दल दर्ता भएका छन्। जिल्ला निर्वाचन कार्यालयकाअनुसार दर्ता भएका दलहरूमा सङ्घीय समाजवादी फोरम नेपाल, तराई-मधेश लोकतान्त्रिक पार्टी, मधेसी जनअधिकार फोरम (गणतान्त्रिक), सद्भावना पार्टी, नेपाल सद्भावना पार्टी, मधेशी जनअधिकार फोरम(लोकतान्त्रिक), नेपाल पूर्वराष्ट्रसेवक लोकतान्त्रिक पार्टी, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, युनाइटेड ग्रीन अर्गनाइजेसन रहेका छन्। यस्तै दर्ता भएका अन्य दलमा राष्ट्रिय प्रजातन्त्र पार्टी, नयाँ शक्ति पार्टी नेपाल, नेपाल पिपुल्स पार्टी, राष्ट्रिय शिवसेना पार्टी, नेपाल कम्युनिष्ट पार्टी ( माक्सवादी), राष्ट्रिय जनमोर्चा, नेपाल कम्युनिष्ट पार्टी(संयुक्त), नेपाल कम्युनिष्ट पार्टी (माक्सवादी लेलिनवादी), खम्बुवान राष्ट्रिय मोर्चा नेपाल र विवेकशील नेपाल दल छन्। यसैगरी नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), चुरे भावर राष्ट्रिय एकता पार्टी नेपाल, राष्ट्रिय जनमुक्ति पार्टी, नेकपा (माले-जनसमाजवादी), नेपाल सद्भावना पार्टी, राष्ट्रिय मुक्ति आन्दोलन नेपाल, जनजागरण पार्टी नेपाल, राष्ट्रवादी पार्टी नेपाल, कम्युनिष्ट पार्टी(एकीकृत माक्सवादी लेलिनवादी), राष्ट्रिय मधेश समाजवादी पार्टी र शान्ति पार्टी नेपालसमेत दर्ता भएका छन्।

### मधेशको माग सही रहेको प्रमाणित गर्ने बेला हो यो : यादव

नेपालगन्ज। सङ्घीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवले निर्वाचनमा सहभागी भएर ब्यालेटबाट मधेश र मधेशीको माग सहि रहेको प्रमाणित गर्ने बेला आएको बताए। उनले मधेश र मधेशीका हकअधिकारका लागि सबैले निर्वाचनमा सहभागी भई आफ्नो उम्मेदवारलाई जिताएर मधेशसको माग र आन्दोलनको औचित्य पुष्टि गर्न सबै एकजुट भएर लागौं भने। दोस्रो चरणको निर्वाचनको तयारीका लागि आएका सङ्घीय समाजवादी फोरम नेपलका अध्यक्ष यादवले बुधबार नेपालगन्जमा दलका कार्यकर्तालाई सम्बोधन गर्दै ब्यालेटबाट सरकारलाई जवाफ दिने बेला आएको बताए।

# राजनीति सकसभित्र ओबीओआरको सम्झौता

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३६७



❖ उपेन्द्र झा

**नेपालमा भारत विरोधी शक्तिहरू बढेर जानुको पछाडि राजनीतिमा चीनको सक्रियतालाई नकार्न सकिंदैन । नेपालमा दुई महाशक्ति देशको प्रभावबाट नेपाल नकारात्मक दिशामा उन्मुख रहेको दृश्य सबैले स्वीकार गरेका छन् । दुई महाशक्तिलाई त जे होला तर नेपाल जस्तो परनिर्भरता भोगि रहेको सानो देशको अवस्था के होला भन्ने दिशातिर नेपालको प्रबुद्धवर्गले सोच्ने बेला आएको छ ।**

चीनमा "वन बेल्ट वन रोड" ( ओबीओआर) को दुई दिवसीय शिखर सम्मेलन १५ मई २०१७ मा सम्पन्न भएको छ । २९ देशका प्रतिनिधीले भाग लिएको सो शिखर सम्मेलनमा अर्थमन्त्री कृष्ण बहादुर महरा नेतृत्वमा भौतिक पूर्वाधार तथा यातायात मन्त्री रमेश लेखक, सूचना तथा संचार मन्त्री सुरेन्द्र बहादुर कार्कीसमेतको टोलीले भाग लिएको थियो । एशिया, अफ्रिका र पूर्वी यूरोपलाई जोड्ने यो महत्वाकाँक्षी योजनामा १ सय २७ खरब लागत खर्च लाग्ने चीनले जनाएको छ । उत्पादित वस्तुको बिक्री वितरणको सुगमता बढाउने उद्देश्यले यो कनेक्टिभिटीको योजना आफैमा महत्वपूर्ण देखिएपनि कागको लागि बेल पाक्यो हर्ष न विस्मय जस्तै साना देशहरू यो साम्राज्य विस्तारको शिकार हुनेमा शंका छैन ।

नेपालले वन वेल्ट वन रोडमा हस्ताक्षर गरेपछि चीन औधी खुशी भएको छ । भारतको प्रभावलाई चिरेर नेपाल ओबीओआरमा हस्ताक्षर गर्छ कि गर्दैन भन्ने चीनको प्रवल आशंकालाई नेपालले हटाई दिएको छ । चीनप्रति नेपालको आसक्ति देखेर चीनले प्राप्त गरेको अपार खुशीलाई आफनो लाभमा प्रयोग गर्ने नेपाली टोलीको बुद्धिमत्ता अझै प्रशंसनीय छ । हस्ताक्षर पछि आईतवार नेपाली टोलीसंग चीनको उपप्रधानमन्त्री वाङ याङको बैठकमा नेपाली टोलीले केरूङ्ग-काठमाण्डौ रेलमार्ग चीनले बनाई दिने प्रस्ताव राखेपछि वाङले सकारात्मक ढंगले सो प्रस्ताव स्वीकारेको छ । साथै विगतमा भए गरेका सम्झौतालाई अविलम्ब पूरा गर्ने, आर्थिक विकास र निर्माणमा थप सहयोग गर्ने आश्वासन पनि दिएको छ । रसुवाको स्याफ्रूवेसी देखि रसुवागढीसम्मको १६ कि.मी.को सडक स्तरोन्नतिको प्रस्ताव समेत सम्झौतामा परेको छ ।

ल्हासाबाट सिगात्सेसम्म रेलमार्ग चीनले विस्तार गरि सकेको छ । यसलाई सन् २०२० सम्म केरूङ्ग नाका नेपालको सीमासम्म पुऱ्याउने योजना चीनियाँपक्षले सार्वजनिक गरेको छ । केरूङ्ग काठमाण्डौंबीचको पहाडीमार्गमा ९० प्रतिशत स्थानहरूमा सुरूङ्ग र पुलहरू बनाउनु पर्ने अवस्था रहेकोले यो रेलमार्ग चीनले बनाई दिन आग्रह अनुसार यसको सम्भाव्यता अध्ययनका लागि दुवैपक्षका प्राविधिक राखेर अध्ययन प्रतिवेदन तयार गर्ने र त्यसपछि निर्माण कार्य थाल्ने चीनको आश्वासन रहेको छ ।

नेपालको विकास निर्माणमा सहयोग गर्ने वैकल्पिक शक्तिको रूपमा आएको चीनप्रति नेपालको सहानुभूति अनायास बढ्न जानु स्वाभाविक हो । गरिब मुलुकले भोगि रहेको अभावको पीडालाई हटाएर आफनो प्रभावमा राख्ने चीनको नीतिसंग नेपालको कुनै सरोकार छैन । भारतको विरोधमा पाएको दह्रो खम्बाको रूपमा चीनसंगको मैत्री सम्बन्ध अहिले उत्तरोत्तर विकसित भई रहेको छ । भारतसंग वैमनस्यता र चीनसंगको आत्मीयता भारतलाई चिढाएर एकछिनको लागि आनन्दको अनुभूति देला तर असन्तुलित छिमेकी सम्बन्धको प्रभाव नेपाली राजनीतिमा प्रत्यक्ष पर्ने कुरा निश्चित छ । नेपाली राजनीतिमा भारतको प्रत्यक्ष उपस्थितिलाई नकार्न सकिन्न र विगत एक वर्षदेखि नेपाल सन्दर्भमा चीन र भारतको मैत्री सम्बन्धमा आएको चिसोपना अब वैरभावमा परिणत भएको छ ।

१४, १५ मईमा वन वेल्ट वन रोड सम्बन्धको शिखर सम्मेलनलाई भारतले बहिष्कार गरेको छ । भारतको संप्रभूता हनन गर्ने उद्देश्यले आयोजना गरिएको शिखर सम्मेलनबारे भारतसंग कुनै मशविरा नै नगरी आमन्त्रण पठाएकोले यसमा भाग लिने प्रश्न नै उठ्दैन । चीन पाकिस्तान आर्थिक करिडोर निर्माणमा गिल्गिट वाल्टिस्थान ( काश्मिरको भाग) हुँदै निर्माण गरिएको व्यावसायिक करिडोरले भारतीय अखण्डतालाई चीनले हनन गरेको भारतको दावी छ । यही कारण भारतले वेल्ट एण्ड रोडको समिटलाई बहिष्कार गऱ्यो । विगत एक वर्षदेखि भारतसंग चीनको चलि रहेको वैरभावपूर्ण मैत्री सम्बन्ध पूर्णतया बहिष्करणमा परेको छ । २९ देश सम्मिलित शिखर सम्मेलनको संयुक्त हस्ताक्षरबाट पारित "वन वेल्ट वन रोड"को प्रतिवेदनले भारतमाथि नैतिक दबाव सिर्जना गर्ने चीनको आकाँक्षा होला तर भारतलाई यसबाट किञ्चित फरक नपर्ने स्पष्ट छ ।

विकासको नाममा भारतका छिमेकी साना देशहरूलाई चीनले आफनो प्रभावमा लिन सक्ने सम्भावना प्रवल रहेको कुरालाई भारतले पनि नकार्न सक्दैन । अरू देशभन्दा भारतको नेपालसंग शताब्दियौंदेखिको अविच्छिन्न सांस्कृतिक सम्बन्ध रहेकोले नेपालको चीनसंग गहिरो सम्बन्ध भारतको लागि खतरा हुने भारतीय आकलन गलत पनि होइन । नेपाललाई आफनो प्रभावमा लिन विगत २ वर्षदेखि चीनको सक्रिय प्रयासले देशमा राजनीतिक विषमता पनि ल्यायो र भारतसंगको सम्बन्धलाई पनि बिगाऱ्यो । पहिलो संविधान सभादेखि चीनले नेपालमा आफनो चासो बढाएर दोश्रो संविधान सभामा सक्रिय रूपमा देखा पर्न थाल्यो र सत्तापक्षको हितलाई सर्वोपरि ठानेर राजनीतिमा प्रत्यक्ष हस्तक्षेप गरि एकपक्षीय संविधान घोषणा गराउन चीनको ठूलो प्रभावलाई सबैले देखे जाने ।

भारतको दाँजोमा चीनसंग नेपालको गहिरो सम्बन्ध कहिले पनि रहेन । चीनले नेपालसंग अनावश्यक सम्बन्ध बनाउन कहिल्यै चाहेन । अहिले चीन समृद्धशाली छ । उत्पादनशील देश भएकोले उत्पादित वस्तु बेच्न बजार खोज्दै जाने क्रममा सबैसंग सम्बन्ध बनाउने, नमानेमा आर्थिक प्रलोभन दिएर अनावश्यक हस्तक्षेप गर्दै अगाडि बढ्ने चीनको मनोकाँक्षालाई खासगरि नेपालले आन्तरिक मामिलाको हस्तक्षेप मानेको छैन । वन वेल्ट वन रोड विकासको एउटा ठूलो फड्को मार्न सक्ने आकर्षक अवधारणा मानिएपनि यो चीनको लागि जति फाईदाजनक छ, दक्षिण एशियाका देशहरूका लागि फाईदाजनक देखिदैन । दक्षिण एशियाका देशहरूका लागि पहाडीमार्गभन्दा समुद्रीमार्ग नै सहज र किफायती रहेकोले पहाडीमार्गको प्रयोगको महत्व खासै रहँदैन । भूपरिवेष्ठित राज्यको रूपमा रहेको नेपाललाई वैकल्पिक मार्गको आवश्यकता रहेपनि यसमार्गबाट उपभोग्य वस्तुको आपूर्ति नेपाली जनताको क्रयशक्तिभन्दा बाहिरको विषयवस्तु हुन जान्छ । चीनको प्रमुख फाईदाको विषय रहेको यो मार्ग निर्माण लागत चीनको रहेपनि चीनको सहयोगको प्रभावमा पर्ने परावलम्वी देशहरू कहिल्यै पनि ऋणमुक्त हुन नसक्ने यथार्थ पनि उत्तिकै छ । चीनियाँ इकोनोमीको शिकार हुन जाने खतरा पनि उत्तिकै छ । खासगरि वन वेल्ट वन रोडको विषयमा आर्थिक, राजनीतिक रूपबाट नेपाल बढि प्रभावित हुने भएकोले चीन र भारतको लागि नेपाल बढि चासोको विषय बनेको छ । नेपालको बारेमा चीन र भारतको फरक फरक परिभाषा रहेकोले नेपाल दुवै देशको महत्वपूर्ण विषय बनेको छ ।

नेपालले चीनसंग १३ वटा नाका खोल्ने विषयमा सम्झौता गरेपनि केरूङ्गको एउटा नाका मात्र संचालनमा राखेको छ । भूकम्पका कारण तातोपानी बाटो पुरिएकोले केरूङ्गनाकालाई चीनले संचालनमा ल्याएको छ । संचालनमा रहेको कोरला नाकालाई सुरक्षा खतरा देखाएर बन्द गरेको पनि ४ वर्ष भयो । भारतसंग पुरानो आकर्षणहीन सम्बन्धको विकल्पमा चीनसंग नयाँ सम्बन्ध बनाउने तीव्र रहरले चीनले विकास निर्माणको कार्यमा ऋण सहयोग गर्नु एउटा कुरा हो तर आफनो सीमा सुरक्षाप्रति पूर्ण सचेत रहेको चीन, नेपालसंग सीमा नाका खोल्ने विषयमा विल्कुल रिजर्व छ । नेपाल मात्र नाका खुल्ने कल्पनामा रमाई रहेको छ । पहाडमा रेलमार्ग बनाई दिने प्रस्तावलाई पनि बडो उत्सुकतावश स्वीकार गर्नु असलमा नेपाललाई भारतको प्रभावबाट बाहिर निकाल्ने प्रयासबाहेक अरू केही होईन ।

चीनले दक्षिण एशियाका साना देशहरूलाई वन वेल्ट वन रोडको अवधारणा अनुसार आफनो प्रभावमा लिने र भारतलाई चारैतिरबाट घेर्न समतल क्षेत्र प्रयोग गर्ने नियत नै देखिएको भान हुन्छ । भारतले चीनको निहित स्वार्थलाई बुझेर नै बहिष्कार गरेको हो । चीनको वेल्ट एण्ड रोडमा यातायातको सुगमता, नयाँ बजारको खोजी, उपभोक्ताको साँगठनिक आधार, समकक्षी देशहरूसंग व्यापारिक प्रतिस्पर्धा, आफनो राजनीतिक प्रभाव बढाउने आदि लाभबाहेक अरू केही देखेको छैन । यो अवधारणा अनुरूप खासगरि दक्षिण एशियातिर लम्किने चीनको ध्येय अहिले सजिलै पूरा हुने सम्भावना भने देखिदैन ।

चीन र भारतबीच बढ्दै गई रहेको तनावले नेपालमाथि नकारात्मक प्रभाव पर्नु स्वाभाविक हो । तनावको एक हिस्सा नेपाल पनि भएकोले यो अछुता रहन सक्दैन । नेपालमा लामो समयको राजनीतिक अस्थिरता पनि यही श्रृँखलाको कडी हो । चीनले भारतलाई हेर्ने नेफा र लद्दाखबाहेक सुगम स्थल कहीं छैन । नेपाललाई आफनो प्रभावमा मात्र राख्न सकियो भने नेपाललाई प्रयोग गरेर भारतलाई केही हदसम्म कमजोर बनाउन सकिन्छ भन्ने निहित स्वार्थ सिद्ध गर्न चीन नेपालमा उद्धत देखिन्छ । भारत पाकिस्तानबीचकाो तिक्ततालाई जसरी चीनले प्रयोग दुबै देशलाई युद्धमा उतारेको छ, त्यसरी नै नेपाललाई प्रयोग गरि भारत विरूद्ध उचालेको छ ।

चीनको शिखर सम्मेलनलाई बहिष्कार गरि अलग भएको भारत अब प्रतिरक्षात्मक अवस्थामा आएको स्पष्ट छ । नेपालको माध्यमबाट भारतमाथि घात गर्ने चीनको रणनीति अनुसार भारतले पनि त्यसको विरोधमा सचेतता राख्नै पर्ने हुन्छ । नेपालप्रतिको व्यवहार पनि बदलेर जाने सम्भावना प्रवल छ । नेपालमा भारत विरोधी शक्तिहरू बढेर जानुको पछाडि राजनीतिमा चीनको सक्रियतालाई नकार्न सकिंदैन । नेपालमा दुई महाशक्ति देशको प्रभावबाट नेपाल नकारात्मक दिशामा उन्मुख रहेको दृश्य सबैले स्वीकार गरेका छन् । दुई महाशक्तिलाई त जे होला तर नेपाल जस्तो परनिर्भरता भोगि रहेको सानो देशको अवस्था के होला भन्ने दिशातिर नेपालको प्रबुद्धवर्गले सोच्ने बेला आएको छ । दुबै देशसंग मित्रवत् र शत्रुवत् व्यवहारबाट नेपाललाई नै घाटा हुने कुरा नेपालले अविलम्ब बुझ्नु पर्दछ । संयमित भई शक्ति सन्तुलनको अवस्थामा जानु पर्दछ । आफनो धरातलीय समस्यालाई अरूको जिम्मा नलगाएर आफै समाधान गर्ने क्षमताको विकास गर्नु पर्दछ ।

*क्रमश:*

janukjha24@gmail.com

# "दोस्रो चरणको निर्वाचनका लागि उचित वातावरण बनाऊ"



काठमाडौं । संयुक्त राज्य अमेरिकाले जेष्ठ ३१ गते हुने स्थानीय तहको दोस्रो निर्वाचनका लागि उचित वातावरण निर्माण गर्न सरोकारवालाहरूलाई आग्रह गरेको छ ।

नेपालको स्थानीय तह निर्वाचनको पहिलो चरणसम्बन्धी संयुक्त राज्य अमेरिकाले मंगलबार एक वक्तव्य जारी गर्दै यस्तो आग्रह गरेको हो ।

वक्तव्यमा भनिएको छ, 'स्थानीय तह निर्वाचनको पहिलो चरणलाई शान्तिपूर्ण रूपमा र व्यापक समर्थनका साथ सम्पन्न गर्न नेपाल सरकार, निर्वाचन आयोग, नागरिक समाज, राजनीतिक दल र प्रदेश नं. ३, ४ र ६ का नागरिक लगायत सबै सरोकारवालाहरूले गरेको प्रयत्नको संयुक्त राज्य अमेरिका सराहना गर्न चाहन्छ ।'

'जेठमा सम्पन्न हुने दोस्रो चरणको स्थानीय निर्वाचनका लागि उचित वातावरण निर्माण गर्नका लागि हामी सरोकारवालाहरूलाई आग्रह गर्न चाहन्छौं, जसले गर्दा प्रदेश नं. १, २, ५ र ७ का नागरिकहरूलाई पनि स्थानीय प्रतिनिधि चुन्नका लागि शान्तिपूर्ण रूपमा आफ्नो लोकतान्त्रिक अधिकार अभ्यास गर्ने यस्तै अवसर प्राप्त हुन सकोस्', वक्तव्यमा भनिएको छ ।

स्थानीय निर्वाचनको दोस्रो चरणमा निर्बाध रूपमा अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणलाई अनुमति दिनका लागि नेपाल सरकारलाई अमेरिकाले आग्रह गरेको छ । 'यसो भएको अवस्थामा मान्यताप्राप्त कूटनीतिज्ञहरू लगायत अन्तर्राष्ट्रिय समुदायलाई निर्वाचनको पर्यवेक्षण गर्ने र परिणामलाई समर्थन गर्ने मौका मिल्छ ।' वक्तव्यमा उल्लेख ।

काठमाडौंस्थित अमेरिकी दूतावासले विज्ञप्ति जारी गरी, 'आगामी निर्वाचनका लागि ३० दिनभन्दा कम समय बाँकी रहेको यस अवस्थामा हामी राजनीतिक सहमति कायम गर्ने प्रयत्नहरूलाई जारी राख्न आग्रह गर्दछौं, जसमार्फत समावेशी प्रक्रियाका लागि स्थानीय निर्वाचनको दोस्रो चरणमा सकेसम्म धेरै मतदाताहरू सहभागी बन्न सकून् । यसो भएको खण्डमा निर्वाचन प्रक्रियाको विश्वनीयता बढ्नेछ र मुलुकभर लोकतान्त्रिक रूपान्तरण बलियो बन्नेछ ।' सबै दलहरूलाई अभिव्यक्तिको स्वतन्त्रताका साथै शान्तिपूर्ण रूपमा भेला हुन पाउने स्वतन्त्रता तथा नेपालको कानुन र संविधानमा व्यवस्था गरिएबमोजिमको मतदाताको अधिकारलाई सम्मान गर्न अमेरिकाले आग्रह गरेको छ । साथै, सुरक्षा निकायलाई पनि कर्तव्य पालना गर्दा संयम अपनाउन र प्रचलित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरूको पालना गर्न अनुरोध गरेको छ ।

शान्तिपूर्ण, समावेशी, व्यापक समर्थन प्राप्त तथा विश्वसनीय निर्वाचन प्रक्रियाका लागि सबै सरोकारवालाहरूसँग सहकार्य गर्नका लागि संयुक्त राज्य अमेरिका प्रतिबद्ध रहेको जनाएको छ ।

# मधेश आन्दोलनका शहीद परिवारलाई युरोपबाट आर्थिक सहयोग



दिनेश हरिजन, युरोप । गैरआवासीय नेपाली समाज साईप्रस युरोपले मधेश आन्दोलनका क्रममा शहादत प्राप्त गरेका परिवारलाई आर्थिक सहयोग गरेको छ ।

युरोपको साईप्रसमा रहेका तराई तथा पहाडका प्रतिनिधिहरूले सप्तरी जिल्लाका शहीद परिवारको अबस्था अत्यन्तै नाजुक रहेको भन्दै कोसिस फाउण्डेशन मार्फत एन.आर.एन. आई.सि.सि.का सदस्य रन्जित महतोले ५४ हजार ५०० नेपाली रूपैयाँ हस्तान्तरण गरेका हुन् । सप्तरीमा गत बर्ष सुरक्षाकर्मीद्वारा गोली प्रहारबाट हत्या गरिएका परिवारहरूलाई साईप्रस देशको कन्सुलेट डा. राजजिवन पन्जियारले ११,०००, रन्जित महतो २०,०००, सी.के. साह १६००, सुरेश कुमार साह ५५००, ओम कुमार सुरी ५५००, अन्तेश राउत २७००, एन.आर.एन. साईप्रसका कोषाध्यक्ष रामजेन साह ५५०० र एन.आर.एन साईप्रसका अध्यक्ष सुबास मल्लले २७०० नेपाली रूपैयाँ सहयोग गरेका हुन् ।

महतोले कोसिश फाउण्डेशनका प्रतिनिधि डा. राम ज्ञान यादवलाई नेपाल गएर उक्त रकम हस्तान्तरण गरेका हुन् ।

# भारतीय रेल्वे राज्यमन्त्रीसँग भेटघाट

वीरगन्ज । बिहारको बेतिया (पश्चिमी चम्मपारण) को भ्रमणमा रहेका भारतीय रेल्वे राज्यमन्त्री माननीय मनोज सिन्हा संग वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष ओमप्रकाश शर्मा र नेपाल भारत सहयोग मञ्चका अध्यक्ष तथा वीउवासङ्घका पूर्व अध्यक्ष अशोककुमार वैध तथा पदाधिकारी सम्मिलित एक प्रतिनिधि मण्डले आज एक समारोहबीच बेतियांमा भेटघाट गरेको छ ।

भारत विहार पश्चिमी चम्पारणका सासंद संजय जयसवाल, रेल्वेका जि.एम., डि.आर.एम., सि.सि.एम. समेतको उपस्थिति रहेको उक्त रेल्वे राज्य मन्त्री संगको भेटघाटका क्रममा सङ्घका अध्यक्ष ओमप्रकाश शर्माले रक्सौल रेल्वे साइडिङ्ग, एकीकृत जाँच चौकीको व्यवस्थापन तथा रक्सौल-वीरगञ्ज नाकालाई व्यवस्थित बनाउन गर्नुपर्ने आवश्यक पूर्वधार विकासका सम्बन्धमा राज्य मन्त्रीको ध्यानाकर्षण गराउनु भयो । अध्यक्ष शर्माले रक्सौल रेल्वे क्रसिङ्गका कारण यात्रुहरू दिनहुँ घण्टौं जाममा बस्नुपर्ने र दुर्घटना हुने सम्भावना रहेकोले आकाशे पुलको आवश्यकता रहेको बताउनु हुँदै रक्सौल रेल्वे साइडिङ्गमा व्यवस्थापनको कमीले आयातीत मालवस्तु नोक्सान हुने गरेको, रेल्वे साइडिङ्गमा २४औं घण्टा काम गर्ने वातावरण भएतापनि भारतीय तथा नेपाली भंसार राति ११ बजेदेखि बिहान ६ बजेसम्म बन्द रहने गरेकोले मालवस्तु लोड गराई समयमैं रेल्वे साइडिङ्ग खाली गराउन नसक्दा ठूलो रकम वारफेज र विलम्ब शुल्कको रूपमा तिर्नुपरेको र रक्सौल रेल्वे साइडिङ्गदेखि भंसारसम्मको बाटो एकदमै दयनीय अवस्थामा रहेकोले सो बाटो बाट ढुवानीको लागि भाडाको ट्रक जान आनाकानी गर्ने र दुर्घटना हुने सम्भावना बढी रहेकोले सो बाटोको स्तरोन्नतिको लागि आग्रह गरे ।

साथै प्रतिनिधि मण्डलले भारतमा बखर्रै लागु भएको नया ई-एक्टले गर्दा नेपाली आयातकर्ताहरूलाई धेरै नै असजिलो भई रहेको तर्फ माननीय मन्त्रीको ध्यानाकर्षण गराउँदै सम्बन्धित समस्याहरू समाधान सम्बन्धमा लिखित निवेदन राज्य मन्त्रीलाई हस्थान्तरण गरेको प्राप्त समाचारमा उल्लेख छ । भारतीय रेल्वे राज्य मन्त्री मनोज सिन्हाले रक्सौल रेल्वे साइडिङ्गको व्यवस्थापन र रक्सौलको भौतिक पूर्वाधारका साथै नेपाली आयातकर्त्ताहरूले रेल्वे ऱ्याक सम्बन्धी भोगी रहेको समस्या समाधानका लागि एक हप्ता भित्रमा कार्य थालनी गर्न रेल्वेका जि.एम., डि.आर.एम., सि.सि.एम. समेतलाई निर्देशन दिए ।

उक्त भेटघाट कार्यक्रममा सङ्घका वरिष्ठ उपाध्यक्ष गोपाल केडिया, उपाध्यक्ष अनिल पटवारी, महासचिव सुनिलकुमार खेतान, कोषाध्यक्ष रविन्द्रकुमार वर्णवाल, सचिव माधव राजपाल तथा सिमावर्ति शहर रक्सौलका वरिष्ठ व्यवसायी महेश अग्रवाल समेतको उपस्थिति रहेको यात्राडेली डटकममा समाचार छ ।

पदीय दायित्व पूरा नगर्नु भनेको समाज र राष्ट्रका लागि धोका हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## विश्व परिवेश

# भारतका वातावरण मन्त्रीको निधन

नयाँदिल्ली । भारतको वातावरण मन्त्री अनिल माधव दवेको बिहीवार निधन भएको छ । भारतको राजधानी नयाँ दिल्लीस्थित ६० वर्षको उमेरमा उनको निधन भएको हो । आधिकारिक स्रोतका अनुसार ६१ वर्षीय दवेलाई आफू निवासस्थित बिहीबार विहान केही असहज महसूस भएपछि राज्यद्वारा सञ्चालित अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्स ( एम्स) मा लगिएको थियो । उपचारको क्रममा एम्समा नै उहाँको निधन भएको अन्तरराष्ट्रिय समाचार माध्यमले जनाएका छन् । दवेआवद्ध रहेका भारतीय जनता पार्टीले उनको निधनको पुष्टि गर्दै विस्तृत विज्ञप्ति प्रकाशित गरेको छ । उनको निधनप्रति



वातावरण मन्त्री अनिल माधव दवे

भारतीय राष्ट्रपति प्रणव मुर्खजीले गहिरो दुख व्यक्त गरेका थिए । त्यसैगरी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्ना सहकर्मीको आकस्मिक निधनबाट आफू स्तब्ध भएको बताएका छन् । ‘अनिल माधव दवेजीलाई आमनागरिक समर्पित कार्यकर्ताको रूपमा भविष्यमा सम्झना गरिने छ ।’ मोदीले बाताएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएको छ । दवेका अन्य सहकर्मीले पनि उनको निधनप्रति गहिरो दुख व्यक्त गरेका छन् । अविवाहित दवे सन् २००९ मा राज्यसभाका सदस्य रहेका गत वर्षबाट वातावरण, वन र जलवायु परिवर्तन विभागको स्वतन्त्र कार्यभार सम्हाल्दै आएका थिए ।

## पत्रपत्रिकाबाट...

# भारतभन्दा नेपाललाई सस्तो

३० वैशाख, काठमाडौं । विद्युत्त प्राधिकरणले भारतबाट मगाएर उपभोक्तालाई बिक्री गर्न खोजेको एलईडी चिमको मूल्य विवादित बनाउने प्रयास भइरहँदा नौ वाटको फिलिप्स एलईडी चिमको मूल्य भारतको राजधानी दिल्लीमै प्रतिगोटा एक सय ९० भारू (तीन सय चार रूपैयाँ) पर्ने त्यहाँका बिक्रेताले बताएका अन्नपूर्ण पोस्ट दैनिकमा खबर छ । नयाँदिल्लीस्थित द्वारका सेक्टर १२ मा रहेको संकल्प इलेक्ट्रिकल्सका बिक्रेता अविनाश गुप्ताले फिलिप्स ब्रान्डको इलईडी चिमको एक सय ९० भारू पर्ने जानकारी दिए । ‘हामीले फिलिप्सको नौ वाटको एलईडी चिम सबैभन्दा सस्तोमा यही मूल्यमा बेचिरहेका छौं,’ गुप्ताले भने ।

प्राधिकरणले भारतीय सरकारी कम्पनी इनर्जी इफिसेन्सी सर्भिसेस लिमिटेडमार्फत यही ब्रान्ड र यही क्षमताको २ करोड थान चिम आयात गर्दैछ । उक्त चिममा भन्सार महसुल, कर, ढुवानीलगायत शुल्क जोडेर उपभोक्तालाई प्रतिगोटा १ सय ४० रूपैयाँमा खरिद गर्ने योजना प्राधिकरणको छ ।

नेपालको हेटौंडासम्म प्रतिगोटा ६५ रूपैयाँ भारू -एक सय चार रूपैयाँ) पर्ने यो चिमको मूल्यमा स्थानीय कर र सेवा शुल्क जोडिँदा नेपालका उपभोक्ताका लागि प्रतिगोटा एक सय ४० रूपैयाँसम्म पर्ने प्राधिकरणका कार्यकारीनिर्देशक कुलमान घिसिङले बताए । अर्थात् दिल्लीमा फिलिप्स ब्रान्डको एउटा एलईडी चिमलाई पर्ने मूल्यमा नेपालमा प्राधिकरणले दुईवटा त्यस्तै चिम बिक्री गर्नेछ ।

अन्नपूर्ण पोस्ट दैनिक खबरको अगाडि लेख्छ - काठमाडौंको बजारमा भने फिलिप्स नौ वाटको एलईडी चिमको मूलय चार सयदेखि पाँच सय रूपैयाँसम्म पर्छ । प्राधिकरणले खरिद गर्न लागेको उक्त एलईडीका लागि ईईएसएलले प्रस्ताव गरेको ६५ भारूको मूल्यमा दुई अर्ब ८० लाख रूपैयाँ तिर्नुपर्नेछ । भारतीय उपभोक्ता मूल्यमा यो परिमाणमा आयात गर्ने हो भने यसको मूल्य ६ अर्ब ८० लाख रूपैयाँ पर्छ । भारतीय उपभोक्ता बजार र प्राधिकरणले बिक्री गर्ने मूल्यबीच प्रतिगोटा एक सय ६४ रूपैयाँको अन्तर छ । यही हिसाबले पनि प्राधिकरणका उपभोक्ताका लागि तीन अर्ब २८ करोड रूपैयाँ लागत बचत हुने देखिएको छ ।

भारतमा सन् २०१७ को मूल्यमा एउटा ९ वाटको फिलिप्स ब्रान्डको एलईडी चिमलाई ३९.५० भारू पर्ने प्राधिकरणलाई उसले पठाएको ‘कोटेसन’ मा उल्लेख छ । उक्त आधार मूल्यमा दुई प्रतिशत ढुवानी खर्च (आपूर्तिकर्ताको गोदामदेखि बन्दरगाहसम्म) र दुई प्रतिशत सीएसटी चार्ज गरी १.६० भारू जोडिएको छ । यसपछि १० प्रतिशतले प्रतिगोटा ४.११ भारू ईईएसएलको प्रशासकीय खर्च, स्थानीय खर्च गरेर ४.११ भारू जोडिएको छ । यसबाहेक आन्तरिक बन्दरगाहदेखि ढुवानी (हेटौंडासम्म) १२ प्रतिशतले प्रतिगोटा ५.४२ भारू, हेटौंडासम्म ढुवानीका क्रममा भएको बिमा दुई प्रतिशत (९० पैसा भारू) गरी यातायात र बिमा खर्चपछि एउटा एलईडीको मूल्य ५१.५३ भारू पर्छ । उक्त मूल्यमा टुटफुट, मर्मत तथा प्रतिस्थापन खर्च (तीन वर्षका लागि) गरी ९.३५ भारू र ब्याज ४.१२ गरी एउटाको मूल्य ६५ भारू पर्ने प्रस्तावमा उल्लेख छ । घिसिङका अनुसार नयाँदिल्लीदेखि हेटौंडासम्म ठूलो ट्रेलरको भाडा एक लाख २० हजार भारू पर्छ । यस्तो ट्रकले बढीमा ३६ हजार थान एलईडी ढुवानी गर्न सक्छ । यसअनुसार प्रतिगोटा एलईडीको ढुवानी लागत मात्र ६ रूपैयाँ पर्न आउँछ । त्यसैगरी प्रतिस्थापन खर्च पनि प्रतिएलईडी १५ रूपैयाँ पर्छ । ‘यी सबै जोड्ने हो भने ६५ भारूभन्दा बढी पर्छ’, उनले भने, ‘सरकारले तोकेको दर भएकाले ६५ परेको हो ।’ घिसिङका अनुसार बजारमा हल्ला फिँजाइएको एउटा बल्बको ३८ रूपैयाँ पर्ने सन् २०१४ को मूल्य रहेको र उक्त मूल्यमा प्रतिस्थापन खर्च (बिग्रेमा नयाँ भड्ताल गरिदिने), नेपालमा लाग्ने भन्सार महसुल, कर, ढुवानी रकम समावेश छैन । ‘एउटा एलईडी बल्बको ३८ रूपैयाँ पर्ने भनेर फिँजाइएको हल्लामा आधार मूल्यपछिका अरू लागत समावेश छैनन्’, घिसिङले भने, ‘चार वर्षअघि एउटा बल्बको मूल्य ३१० भारू थियो जसमा प्रतिस्थापन खर्च (बिग्रेमा नयाँ दिने) आठ वर्षका लागि थियो । बिडिङ रणनीतिअनुसार मूल्य फरक पर्छ ।’

सन् २०१४ मा नेपाल र भारतबीच विद्युत् व्यापार सम्झौता भयो । यो सम्झौताअनुसार दुई देशबीच विद्युत् व्यापारसम्बन्धी सम्पूर्ण कामकारबाही द्विदेशीय सचिवस्तरीय सबैभन्दा उपल्लो निर्णय ‘संयुक्त स्थायी समिति’ (जेएसटीसी) ले आवश्यक सिफारिस सम्बद्ध सरकारलाई गर्छ । दुवै देशबीच विभिन्न ११ स्थानमा अन्तरदेशीय प्रसारण लाइन निर्माण पूरा नहुन्जेल र ढल्केबर(मुजफ्फरपुर प्रसारण लाइन ४०० केभी क्षमतामा चार्ज नहुन्जेल (आगामी सन् २०१९ पछि) नेपालको लोडसेडिङ कम गर्ने एक मात्र विकल्प नेपालको माग घटाउने रहेको प्राधिकरण प्रवक्ता प्रबल अधिकारीले बताए । उनका अनुसार ऊर्जा व्यापारको विषय भएकाले दुई देशको सचिवस्तरीय बैठकको कार्यक्षेत्रभित्र परेको हो ।

गत १४ फेब्रूअरी २०१७ मा नेपाल(भारत विद्युत् सचिवस्तरीय बैठकमा भएको माइन्युटको दफा १० मा ‘नेपाल सरकारले आवश्यक प्रक्रिया पूरा गरी एलईडी बल्ब खरिदका लागि दिने’ उल्लेख छ । सोही निर्णयलाई सम्बद्ध देशको सरकारले पारित गर्नुपर्ने भएकाले मन्त्रिपरिषद्बाट स्वीकृति दिइएको अधिकारीले बताए । संयुक्त स्थायी समितिको चौथो बैठकमा भएको निर्णयको बुँदा नं. १० को (क) मा ईईएसएलले गरेको प्रस्तावलाई नेपालले सन्तोषजनक रूपमा लिएको र (ख) मा नेपाली पक्षले ईईएसएललाई माग व्यवस्थापनमा आधारित एलईडी बत्ती खरिद गर्न खरिद आदेश दिने उल्लेख छ । उक्त बैठकमा नेपाली पक्षको नेतृत्व ऊर्जासचिव अनुपकुमार उपाध्यायले गरेका थिए । बजारमा प्रतिस्पर्धा गराउँदा मूल्य र गुणस्तरको ग्यारेन्टी हुँदैन । ठेकेदारले आपूर्ति गर्ने दुई करोड एलईडी चिम सबैलाई परीक्षण गरेर साध्य नहुने र तिनको गुणस्तर नियन्त्रण कसरी गर्ने भन्ने समस्या रहन्थ्यो । दुई करोड थान चिम भण्डार गर्ने क्षमता नभएका कारण गुणस्तरको ग्यारेन्टी नभएको घिसिङले बताए । तर भारत सरकार आफैं ग्यारेन्टी बसेकाले कदाचित बिग्रेको बत्ती आएमा त्यसलाई प्रतिस्थापन गर्न सकिन्छ ।

प्राधिकरणको उद्देश्य एलईडी बेच्ने नभई बजार हस्तक्षेप गरी उपभोक्तालाई कम बिजुली खपत गराउनु रहेकाले सस्तो र ग्यारेन्टीयुक्त सामान पाए मात्र उपभोक्ताले उपयोग गर्ने भएकाले ब्रान्डेड सामान खरिद गर्नुपरेको घिसिङले बताए । ‘हाम्रो सार्वजनिक खरिद ऐनअनुसार ब्रान्ड तोकेर टेन्डर गर्न पाइँदैन । यही कम्पनी नै आउँथ्यो भन्ने ग्यारेन्टी थिएन’, उनले भने, ‘त्यसमा पनि यही मूल्यमा आउँछ भन्ने पनि छैन । यो (१०४ रूपैयाँ) भन्दा बढी पनि हुन सक्थ्यो ।’

‘तपाईं आफैं बजारमा किनेर हेर्नु, एउटा ब्रान्डेड एलईडीको कति पर्छ’, घिसिङले भने , ‘यो कार्यक्रम लागू गर्न नदिनु भनेको जनता ठगिरहनु हो दुई कारणले पहिलो, यसको मूल्य नै बजारमा उच्च पर्छ, दोस्रो अन्य ब्रान्ड नभएका एलईडीले ऊर्जा बचत गर्दैन जसबाट उपभोक्ताको बिल घट्दैन र प्राधिकरणको लोड घटाउँदैन ।’

यो कार्यक्रम असफल गराएर जनतालाई ठग्न प्रोत्साहन पुर्याइएको घिसिङले बताए । ‘जसरी प्राधिकरणले कुनै काम लिएबापत कसैलाई कमिसन दिन सक्दैन त्यसैगरी ईईएसएलले सरकारले तोकेको मूल्यमा कमिसन दिन सक्दैन’, उनले भन्नुभयो, ‘अरू खरिदमा ठेक्का गर्दा एजेन्टलाई फाइदा पुग्छ । एजेन्टले कमिसनकै लागि काम गर्ने हो तर यो सरकारी निकायबीच सीधै खरिद हुने हुँदा कोही एजेन्ट छैन ।’

सामान्यतया विशेष प्रकृतिको खरिदमा टेन्डर गर्नु नपरोस्, गुणस्तरयुक्त खरिद होस् र समय धेरै नलागोस् भनेर सार्वजनिक खरिद ऐनमा सरकारी निकायबीच सोझै खरिद गर्ने बन्दोबस्ती गरिएको घिसिङले बताए । उक्त ऐनले प्राविधिक र आर्थिक गरी दुई छुट्टाछुट्टै गोप्य खाममा प्रस्ताव गर्न नपाइने प्रावधान राखेको र सीधै कम रकम प्रस्ताव गर्नेलाई दिनुपर्ने व्यवस्था गरेकाले कम गुणस्तर आपूर्ति गर्नेले ठेक्का पाउने उच्च सम्भावना रहन्छ । ‘यति धेरै परिमाणमा एकैपटक खरिद गर्ने सामानको टेन्डर गर्न न्यूनतम एक वर्ष लाग्छ’, घिसिङले भने, ‘जसमा टेन्डर नपाउनेहरू अख्तियार, संसदीय समिति र अदालत पुग्थे जसले यो खरिद प्रक्रियालाई अझ विलम्ब पारिदिन्थ्यो ।’

प्राधिकरणले आगामी हिउँदयाम (मंसिरपछि) अत्यधिक बिजुली खपत (पिक आवर) मा लोडसेडिङ हुन नदिन अहिले नै व्यवस्था गर्न लागेकाले समय कम रहेको घिसिङको भनाइ थियो । बजारमा हस्तक्षेप (सस्तो वितरण गरेपछि सबै उपभोक्ताले खरिद गर्नसक्ने सम्भावना) हुने भएकाले प्राधिकरणको आगामी हिउँदयाममा दुई सय मेगावाट (४० करोड युनिट) बिजुली बचत गर्ने योजना छ ।

प्राधिकरण प्रवक्ता अधिकारीका अनुसार मौजुदा नेपाल भारत प्रसारण लाइनको क्षमता नभएको र नेपालमा हिउँदयाममा पर्याप्त बिजुली उत्पादन हुने जलाशययुक्त आयोजना नआउने भएकाले माग व्यवस्थापन मुख्य विकल्प हो । प्राधिकरणले एलईडी बल्बको ठेक्का गरेको भए ठेक्कामा निहित जोखिम (कन्ट्र्याक्चुअल रिक्स) का कारण आगामी असोज महिनासम्म सबै वितरण केन्द्रबाट वितरण हुनसक्ने अवस्था छैन । अनुमान गरेभन्दा धेरै रकम प्रस्ताव पर्ने, टेन्डर आह्वानका बेला उल्लेख सर्त पूरा नभएर पुनः ठेक्का गर्नुपर्ने वा ठेक्कै रद्द गर्नुपर्ने अवस्था आउनेलगायत जोखिम अधिकांश ठेक्कामा रहने अधिकारीले बताए । ‘हामीलाई आगामी हिउँदको लोडसेडिङ कम गर्न कात्तिकसम्ममा सबै एलईडी वितरण गरिसक्नुपर्नेछ’, उनले भने ।

ईईएसएलले गत बुधबार आसाम राज्य सरकारसित गरेको सम्झौतामा ९ वाटको एलईडी प्रतिगोटा ७० भारूमा बिक्री गर्ने सम्झौता गरेको छ । ईईएसएलले यसअघि तामिलनाडु र श्रीलंकासित पनि ९ वाटकै फिलिप्स एलईडी ६५ भारूमा खरिद गर्ने पत्राचार गरेको थियो । अन्नपूर्ण पोस्ट दैनिकमा खबर छ ।

# विनोद चौधरीका छोरालाई मोदीको बधाई

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका उद्यमी विनोद चौधरीका कान्छा छोरा वरूण चौधरीलाइ विवाहको उपलक्ष्यमा बधाई एवं शुभकामना व्यक्त गर्नुभएको छ । प्रधानमन्त्री मोदीले चौधरी ग्रुपका अध्यक्ष विनोद चौधरी र उहाँकी धर्मपत्नी सारिका चौधरीलाई लिखित सन्देश पठाउँदै नवदम्पतीलाई बधाई दिनुभएको हो । नेपालका एकमात्र डलर अर्बपति विनोदका सुपुत्र वरूणको राजस्थान, भारतका प्रसिद्ध उद्यमी राजकुमार टोंग्याकी सुपुत्री अनुश्रीसँग गत वैशाख १५ गते विवाह भएको थियो । राजस्थानको सुन्दर पर्यटकीय नगरी उदयपुरमा आयोजित उक्त वैवाहिक कार्यक्रममा श्रीलंकाका राष्ट्रपति, मन्त्रीहरू, भारतका उच्चपदस्थ राजनीतिज्ञहरूको सहभागिता थियो । वैवाहिक कार्यक्रममा सलमान खान, शत्रुध्न सिन्हालगायत बलिउडका प्रख्यात कलाकार पनि सहभागी थिए । उक्त अवसरमा नेपालका राजनीतिज्ञ, उद्यमी, व्यवसायीहरूको पनि सहभागिता थियो । तीन दिनको वैवाहिक कार्यक्रमलाई भारतीय मिडियाले ‘राज्यकी विवाह’को संज्ञा दिएका थिए । आफ्ना कान्छा छोरा वरूणको विवाहका अवसरमा अर्बपति चौधरीले काठमाडौंको सौल्टी होटलमा भव्य कार्यक्रमसहित जेठ ५ र ६ गते पार्टी आयोजना गर्दैछन् । उक्त पार्टीमा राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी, प्रधानमन्त्री पुष्पकमल दाहाल, पूर्वप्रधानमन्त्रीहरू, पूर्वराजा ज्ञानेन्द्र शाह, राजनीतिक दलका नेता, सरकारका उच्चपदस्थ अधिकारीहरू, पत्रकार, नागरिक समाज, उद्यमी व्यवसायी, नेपालस्थित कूटनीतिक नियोगका अधिकारीहरू र विशिष्ट भारतीय अन्तर्राष्ट्रियस्तरको सजावट गर्ने काम सुरू गरिएको छ । (अन्नपूर्ण पोष्ट् दैनिक ३ गते २०७४ जेठ बुधबार)

## जिल्ला समाचार

### विद्यार्थीहरूलाई ट्राफिक नियमबारे जानकारी

कपिलवस्तु । कपिलवस्तुको पकडीमा रहेको छात्रपाली तिर्थादेवी उच्च मा.वि. पकडीमा विद्यार्थीहरूलाई ट्रफिक सचेतना सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको छ । विद्यार्थीहरूले पढ्ना आउदा र जादाँ ट्रफिक नियमको पलना तथा दुर्घटनाबाट सुरक्षित राख्नाको लागी विद्यार्थीहरूलाई ट्रफिक सचेतना कार्यक्रम गरिएको थियो । ट्रफिक नियाम, कानुन, कसुर जरिवाना अदिको बरेमा विद्यार्थीहरूलाई जानकारी गराईएको थियो । युके एड तथा सर्च फर कामन ग्रउण्डको सहयोगमा कपिलवस्तुमा संचालित पहुँच परियोजनाले नागरिक तथा प्रहारी विचको सम्बन्धलाई राम्रो बनाउना यास्तो र्काक्रम गरिरहेको सिदार्थ सामाजिकविकास केन्द्रका पहुँच परियोजना संयोजक प्रकाश घिमिरेले जानकारी दिए । विद्यार्थीहरूले ट्रफिक नियम सम्बन्धी सचेत भए भने घरपरिवारमा पनि सचेत गराउने उद्देश्यले यास्तो कार्यक्रम गरेको सर्चफर कामन ग्रउण्डको कपिलवस्तु संयोजक रूकैया खातुनले बताइन् ।

### राजपा नेता फोरम नेपालमा प्रवेश

वीरगन्ज । वीरगन्ज उपमहानगरपालिका वडा नम्बर १२ का पूर्ववडा अध्यक्ष एवं राष्ट्रिय जनता पार्टी नेपालका नेता मनोज कुमार कलवार संघीय समाजवादी फोरम नेपालमा प्रवेश गरेका छन् । त्यस्तै, नेपाली कांग्रेसका क्रियाशील सदस्य कौशल कुमार बर्मा, दिवाकर सुबेदी, दिलमाया श्रेष्ठ र राधे देबी परियार समेत सयकडौ फोरम नेपालमा प्रबेश गरेका छन् । फोरम नेपाल पर्साले आयोजना गरेको कार्यक्रममा पूर्ववडा अध्यक्ष कलवार लगायतका नेतागण फोरम नेपालमा प्रवेश गरेका हुन् । कार्यक्रमका प्रमुख अतिथि एंव फोरम नेपाल पर्साका अध्यक्ष प्रदीप यादवले मधेशको मुद्दाका लागि फोरम नेपालले कसैसँग कुनै पनि सम्झौता नगर्ने बताए ।

### गर्मीका कारण विरामीको चापमा वृद्धि

मो. इमरान खान, कपिलवस्तु । कपिलवस्तुमा अत्यधिक गर्मीका कारण जिल्ला अस्पताल तौलिहवा लगायतका विभिन्न स्वास्थ्य संस्थामा बिरामीको चाप ह्वात्तै बढेको छ । गर्मीका कारण विशेष गरी भाइरल ज्वरो संक्रमित बिरामीको संख्या निक्कै बढेको कपिलवस्तु जिल्ला अस्पतालले जनाएको छ । दूषित पानी तथा प्रदूषणका कारण झाडापखाला, विषम्ज्वरो, कमलपित्त, भाइरललगायतका समस्या भएका बिरामीको संख्या दिनहुँ बढ्ने गरेका कपिलवस्तु जिल्ला अस्पताल तौलिहवा इमर्जेन्सी वार्ड नि. मे. सु. मो. सद्दामले जानकारी दिए । उनले हाल दैनिक एकसय जनासम्म बिरामी उपचारका लागि कपिलवस्तुको तौलिहवा अस्पताल आउने गरेको समेत बताए । अत्यधिक गर्मीसँगै सुक्खा पनि बढ्ने गरेकाले जहाँतहीँ धुलोधुवाँ मात्रा बढ्ने र पानीमा समेत त्यस्तो प्रदूषण मिसिने हुँदा सजिलै मौसमी रोग लाग्ने गरेको स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीले जानकारी दिएका छन् ।

### बाघको छालासहित पक्राउ

कैलाली । दुर्लभ वन्यजन्तु पाटेबाघको छाला २० लाखमा मोलमोलाई गरी बिक्री गर्न लागेका छ जना र अर्का एकलाई अजिङ्गरको छालासहित प्रहरीले पक्राउ गरेको छ । सुराकीको आधारमा क्षेत्रीय प्रहरी कार्यालयको अनुसन्धान समूह ( आरआईटी) र जिल्ला प्रहरी कार्यालय कैलालीबाट खटिएको संयुक्त प्रहरी टोलीले दुई दिनअघि छाला, ओखेटोपहारसहित पक्राउ गरेका सबैलाई मङ्गलबार सार्वजनिक गरेको हो ।

### तीन वर्षपछि बाढीपीडितलाई अनुदान

नेपालगन्ज । विक्रम संवत् २०७१ को भीषण बाढीका कारण घरबारविहीन बनेका बाँके र बर्दियाका पीडित परिवारलाई अहिले आएर घर निर्माण गर्न अनुदान दिन थालिएको छ । सहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय नेपालगन्जले बाढी प्रभावित परिवारको आवास निर्माण कार्यक्रमअन्तर्गत अनुदान वितरण प्रक्रिया अगाडि बढाएको जनाएको छ ।

### अपाङ्गलाई ह्वीचेयर प्रदान

रौतहट । तेल मिलमा एउटा खुटा गुमाएर अपांगताको जीवन बिताइरहेका अपाङ्ग जीतू महारा चमारलाई भक्ति ट्रेडर्स कन्सर्न गौरले व्हील चेयर सहयोग गरेको छन् । स्थानीय गाउँ विकास समिति ब्रह्मपुरी ३ हाल गौर नगरपालिका १० निवासी महारालाइ कन्सर्नले उपलब्ध गराएको व्हील चेयर राजदेवी एफ एम् का अध्यक्ष एवं समाजसेवी शम्भू साहले आफ्नै निजी निवासमा प्रदान गरेका छन् । जीतू महारालाइ व्हीलचेयर दिँदै समाजसेवी साहले अपाङ्गलाइ हेला होइन सपांग सरह सम्मान गर्नु पर्ने अहिलेको आवश्यकता रहेको बताए ।

### अवैध रूपमा हुण्डीको कारोवार गर्ने पक्राउ

धनुषा । अबैध रूपमा हुण्डीको कारोबार पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा रघुनाथपुर-४ बस्ने बिष्णु देव राउत सहित ५ जना रहेका छन् । बुधबार ५ थान ल्यापटप, नगद ५४ लाख २५ हजार रूपैयाँ सहित बिभिन्न स्थानबाट पक्राउ गरेको छ ।

### छाउपडी कुप्रथा हटाउने अभियान

कैलाली । समाजमा छाउपडी कुप्रथा हटाउन अभियानमा धामीझाँक्री र पण्डित पुरोहितलाई सहभागी गराउनुपर्नेमा कैलालीका सरोकारवालाले जोड दिएका छन् । छाउपडी हटाउन अभियानमा सरकारी र गैरसरकारी सङ्घ संस्थाले गरिरहेको प्रयासले अपेक्षाकृत सुधार गर्न नसकेपछि धामीझाँक्री र पण्डितलाई यस अभियानमा सहभागी गराउनुपर्नेमा जोड दिइएको हो ।

### अवैध औषधि पसलहरू बन्द हुँदै

धनुषा । जनकपुरका औषधि पसलमा स्वास्थ्य सेवा विभागको टोलीले अनुगमन गरेको छ । मंगलबार बेलुकादेखि विभागबाट आएको सात जनाको टोलीले अनुगमन थालेको हो । टोलीले अनुगमन थालेपछि अवैध तरिकाले सञ्चालित औषधि पसल धमाधम बन्द गरेर पसले बेपत्ता भएका छन् । बिनादर्ता सञ्चालित औषधि पसल र प्रतिबन्धित औषधिका विषयमा अनुगमन गरेको टोलीका ड्रग इन्स्पेक्टर डा. चन्देश्वर यादवले जानकारी दिए ।

### विराटनगरलाई महानगर बनाउन माग

विराटनगर । पर्याप्त पूर्वाधार भएकाले यहाँका सरोकारवालाले विराटनगर उपमहानगरलाई महानगरपालिका बनाउन सरकारसमक्ष माग गरेका छन् । औद्योगिक क्षेत्रका प्रतिनिधि, नागरिक समाज, दलका प्रतिनिधिलगायतले यस्तो माग गरेका हुन् । यसअघि कांग्रेस, एमाले र माओवादी केन्द्रका सांसदहरूको टोलीले प्रधामन्त्री पुष्पकमल दाहाललाई दुई साताअघि भेटेर यो माग गरेका थिए । प्रधानमन्त्री दाहालले सरकारले विराटनगर र वीरगन्ज नगरपालिकालाई महानगर बनाउने तयारी भइरहेको जानकारी दिएको साँसद पवनकुमार सारडाले बताए ।

### तरकारी कृषकलाई समस्या

कैलाली । कैलाली जिल्लाका आसपासका क्षेत्रमा तरकारी व्यवसाय गरी बसेका कृषक छाडा पशुचौपायाका कारण हैरानी व्यवहोर्दै आएका छन् । दिनभर छाडा रूपमा छोडिएका चौपायाले बजारका पसलमा बिक्रीका लागि राखिएका खाद्यान्न लगायतका खानेकुरा खाइदिनुका साथै किसानको बारीमा लगाएको तरकारी फलफूल खाएर सखाप पारीदिएको कृषकले गुनासो पोख्दै आएका छन् । तरकारी खेतीलाई प्रमुख व्यवसायका रूपमा खेती गर्दै आएका कृषकका तरकारीबारी सखाप पार्दा उनीहरूको परिश्रम बालुवामा पानी हाले झै भइराखेको छ ।

### महिला उम्मेदवारलाई प्रशिक्षण

बुटवल । अन्तरपार्टी महिला सञ्जालको एकदिने प्रशिक्षणमूलक कार्यक्रम बुटवलमा सोमबार सम्पन्न भएको छ । अन्तरपार्टी महिला सञ्जाल बुटवल उपमहानगरपालिका बुटवलको आयोजनामा भएको कार्यक्रम बुटवल उद्योग वाणिज्य सङ्घको सभाहलमा सम्पन्न भएका हो । बुटवल उपमहानगरपालिकाबाट सम्भावित एक सय ५० जना महिला उमेदवारहरूलाई प्रशिक्षण दिइएको थियो ।

## facebook


राप्रपालाई मतदिने जनतामा आभार । परिणाम अनपेक्षित भएपनि जनादेश स्विकार गर्छौं । बिचलित हुदैनौं, आत्मसमीक्षा गर्छौं, थप मिहेनत गर्छौं । **कमल थापा**


अन्य प्रदेश भन्दा माओवादीको सशष्त्र युद्धकालिन आधार इलाका भनेको हालको प्रदेश नम्बर ६ को क्षेत्र नै हो, यस प्रदेशमा नै सबैभन्दा बढी सिट माओवादीको आउने मेरो अपेक्षा थियो तर अग्रस्थानमा भए पनि मेरो अपेक्षा अनकुल परिणाम भने आएको देखिएन । ६ नम्बर प्रदेशको तुलनामा अन्य प्रदेशमा माओवादी आउन गारहो देखिन्छ । **प्रकाश तिमिल्सिना**


केपी ओली र कमल थापा, शेरबहादुर देउवा र प्रचण्ड जस्ता विपरीत ध्रुवका नेताहरूबीच चुनावी गठबन्धन हुन सक्छ भने एउटै धरातलबाट आएका उपेन्द्र यादव र महन्थ ठाकुरबीच चुनावी तालमेल किन सम्भव छैन ?? मिल्न नदिने तत्व थुप्रै छन तर अवरोध चिर्दै सहकार्य सम्भव छ, हुनुपर्छ । **महेश चौरासिया**


स्थानिय चुनावमा गठबन्धन बनाउने र संविधान सभामा ह्विप लगाउने भनेको अवसर र अख्तियारी नबुझ्केको राजनितीक संस्कार हो र त्यो सधै स्विकार्य हुँदैन । **मनिष झा**


राजपामा देखिएको जिला अध्यक्षको प्रतिस्पर्धालाई विगतको कार्य मूल्यांकन र आगामी योजनाको आधार बनाई उपयुक्त व्यक्तिलाई बनाउँदा राम्रो हुने थियो, जातिवाद, नातावाद, कृपाबादबाट अलग । **मुकेश झा**


दुई तिहाइमा दश कम सांसदहरूले संविधान त्रुटीपूर्ण रहेको भन्दै संशोधनका लागि तयार रहेको अवस्थामा संविधान कार्यन्वयनमा ल्याउन खोज्नुले द्वन्द्वलाई बढाउनुका साथै संविधानको आयु कम गर्ने निश्चित छ । **बीपी साह**


मोनो र मेट्रो रेलको कुरा सुन्दा युरोपमै भएको भान भएको थियो । धन्न निर्वाचन आयोगको सुस्तताले यो नेपाल नै हो भनेर वास्तविकतामा झारिदियो । **समा थापा**


उग्र राष्ट्रवादको नारा लगाएर एमालेले पहाडमा उल्कै सिट जित्नु पर्ने थियो भने मेरो आँकलन थियो, तर काँग्रेस र एमाले बीच खाँसै फरक देखिएको छैन अहिले सम्म...यो सन्दर्भमा काँग्रेस बलियो पार्टी देखियो हैं । आँउदै गरेको मतमरिणामको मेरो प्रारम्भीक बुझाई । **अनन्त अनुराग**


रन्जु दर्शनाको विगारिएको तस्वीरमाथि भईरहेको भद्दा टिक्का टिप्पणी खेदजनक छ । यो राजनीतिमा लागेका महिलाहरू माथिको हिंसा हो । म यसको विरोध गर्दछु । **रिता साह**


युवा सम्मेलनमा देशमा युवा नेता चाहियो भनेर केही व्यक्तिहरू तर्क गरिरहेका थिए दुई दशक भन्दा धेरै राजनिति गरी देशलाई छेऊ न टुप्पामा पुगाउने नेता जन्मदैं बुढा भएर आएका हुन् र ? युवा हुँदा उनीहरूले के गरेका थिए र फेरी पनि हामी युवा नेता मात्रै किन खोज्ने ? देशलाई युवा नेता होइन एउटा शिक्षित, चेतनशील अनि परिवर्तनशील राजनेताको आवश्यकता छ । **दीपा डाँगी**

# फोरम-लिम्बूवानबीच एकीकरण


*पार्टी एकीकरण घोषणा गर्दै फोरम र लिम्बूवानका नेतागण ।*

काठमाडौं । संघीय समाजवादी फोरम नेपाल र संघीय लिम्बूवान पार्टी नेपालबीच एकीकरण भएको छ । सोमबार तीनकुनेस्थित फोरम नेपालको केन्द्रीय कार्यालयमा एक कार्यक्रमका बीच एकीकरण घोषणा भएको छ । फोरम नेपाल अध्यक्ष उपेन्द्र यादव र लिम्बूवान अध्यक्ष खगेन्द्र माखिमले एकता घोषणा कार्यक्रममा सम्बोधन गर्दै शोषण र उत्पीडनको विरूद्धमा आफूहरू एकीकृत भएको धारणा राखेका थिए । नेपाली समाजमा विद्यमानरहेको जातीय, वर्गीय, क्षेत्रीय, लिङ्गीय, समुदायगत, भाषिक, सांस्कृतिक, धार्मिक र जातमा आधारित उत्पीडनको अन्त्य गर्ने प्रतिबद्धताका साथ एकीकरण घोषणा भएको हो । नेपालाई समृद्ध एवम् स्वाभिमानपूर्ण बहुराष्ट्रिय राज्यको रूपमा विकास गर्ने उद्देश्यलाई आत्मसात गर्दै एकीकरण भएको जारी विज्ञप्तिमा भनिएको छ । लोकतान्त्रिक विधिबाट नेपालको अग्रगामी परिवर्तन र समृद्धिको लागि राजनीतिक नेतृत्व गर्न सक्षम राष्ट्रियय पार्टी निर्माण गर्ने संकल्प लिएको जनाइएको छ । एकीकरणपश्चात् पार्टीको नाम, झण्डा र चुनावचिन्ह फोरम नेपालकै यथावत् रहने जनाइएको छ ।

## नयाँ शक्तिका संयोजक डा. भट्टराई कपिलवस्तु आउँदै

कपिलवस्तु । बैशाख ३१ मा भएको पहिलो चरणको स्थानीय तह निर्वाचनको मत परिणाम बुझ्न मुख्य दलहरू ब्यस्त बनिरहेका बेला नयाँ शक्ति पार्टी नेपालले भने दोस्रो चरणको निर्वाचनका लागी देशभर विशेष गरी तराईमा चुनावी कार्यक्रमलाई तीव्रता दिएको छ । पहिलो चरण निर्वाचनको प्रारम्भिक मतपरिणाम अनुसार अपेक्षित जितको संकेत नपाएको नयाँ शक्तिले चुनावका कारण संगठन विस्तारमा सहयोग पुगेकोमा कार्यकर्ता उत्साहित भएको जनाएको छ । कपिलवस्तुको गोरूसिंगेस्थित पौवा होटेलमा यही जेष्ठ ६ गते हुने नयाँ शक्ति कपिलवस्तुको अगुवा कार्यकर्ता प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्न नयाँ शक्ति पार्टी नेपालका संयोजक डा. बाबुराम भट्टराई कपिलवस्तु आउने भएका छन् । कपिलवस्तुमा स्थानीय तहको निर्वाचन दोस्रो चरणमा हुने भएपछि चुनावी रणनीति र कार्यकर्तालाई उत्साहित बनाउन भन्दै डा. भट्टराई कपिलवस्तु आउने भएका हुन । नयाँ शक्ति स्थापनाकालदेखि नै जिल्लामा प्रभाव अरूको तुलनामा बढी भएको पार्टीका संघीय परिषद सदस्य तथा कपिलवस्तु संयोजक नारायण खनालले बताए ।

## स्थानीय चुनावमा अपेक्षित परिणाम नआएको कांग्रेसको निष्कर्ष

काठमाडौं । नेपालीकांग्रेसले पहिलो चरणको चुनावमा अपेक्षित परिणाम नआएको निष्कर्ष निकालेको छ । विहिबार नेपाली कांग्रेस पदाधिकारी एवम् राजधानीमा उपलव्ध केन्द्रीय सदस्यहरूको चुनावको समिक्षात्मक बैठकले दोस्रो चरणको स्थानीय चुनावमा प्रभावकारी ढंगले प्रस्तुत हुने र बढीभन्दा बढी परिणाम आफ्नो पक्षमा पार्ने निर्णय गरेको छ ।
कांग्रेस केन्द्रीय कार्यालय, सानेपामा बसेको बैठकपछि पत्रकारहरूलाई जनकारी गराउँदै केन्द्रीय सदस्य महेश आचार्यले उक्त कुरा बताएका हुन् । उनले भने, 'अहिले मिश्रित चुनावी नतिजा छ । कति ठाउँमा एमालेले जितेको छ, कति ठाउँमा नेपाली कांग्रेसले जितेको छ । जति हामीले सोचेका थियौं, त्यति राम्रो भएको छैन । यद्यपि, अन्तिम परिणाम आउन बाँकी छ ।'
बैठकमा 'अहिलेको परिणामको समीक्षा भएकोर आगामी चुनावी रणनीति तय गर्ने र दोस्रो चरणको चुनावमा अलि प्रभावकारी ढंगले प्रस्तुत हुनेनिर्णय भएको' नेता आचार्यले बताए । आचार्यले भने, "अब संविधान संशोधन गर्ने र आगामी सरकारको नेतृत्व कांग्रेस सभापति शेरबहादुर देउवाले गर्ने विषयमा पनि बैठकमा छलफल भयो ।' पूर्वसहमति अनुसार माओवादी अध्यक्ष प्रचण्डले अब कांग्रेस सभापति देउवालाई सत्ता हस्तान्तरण गर्ने केन्द्रीय सदस्य महेश आचार्यले जानकारी दिए ।

## आधारभुत पत्रकारिता तालिमको समापन


मो इमरान खान, कपिलवस्तु । "जनचेतनाको लागि पत्रकारिता" भन्ने नाराको साथ कपिलवस्तुको तौलिहवामा गत वैशाख २९ गते देखि सुरू भएको एक हप्ते आधारभुत पत्रकारिता तालिमको समापन गरिएको छ । मधेश मिडिया सोसाइटी नेपाल कपिलवस्तुको आयोजना, रेडियो परिवर्तन ८९ मेगाहर्जको व्यवस्थापन तथा कपिलवस्तु नगरपालिका कार्यालयको सहयोगमा सञ्चालित तालिमको बुधबार एक कार्यक्रमका बीच समापन गरिएको हो । मधेश मिडिया सोसाइटी नेपाल, कपिलवस्तुका अध्यक्ष मनोज श्रीवास्तवको अध्यक्षता, कपिलवस्तु नगरपालिका कार्यालयका शाखा अधिकृत पदम श्रेष्ठको प्रमुख आतिथ्यता, मुस्लिम मिडिया सोसाइटी नेपालका अध्यक्ष इमरान खान, मधेश मानव अधिकार गृह कपिलवस्तुका राम दयाल ठाकुर, नेपाल पत्रकार महासंघ कपिलवस्तुका पूर्व अध्यक्ष बसन्त गिरी, नेपाल पत्रकार महासंघ प्रदेश नम्बर ५ का सदस्य किरनमान बज्राचार्य, नारायण प्रसाद पौडेल लगायतको आतिथ्यता तथा खग चापागाईको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । तालिममा ३० जनाको सहभागिता रहेको आयोजकले जनाएको छ ।

## वीरगन्जमा ब्रेन हैम्ब्रेजको सफल अप्रेशन


वीरगंज । दुर्घटनामा परी टाउकोमा गम्भिर चोट लागि ब्रेन हैम्ब्रेज भएको अवस्थामा एक बालकको नेशनल मेडिकल कलेज एण्ड शिक्षण अस्पताल वीरगंजमा सफल रूपमा अप्रेशन भएको छ । जुगवा ३ बाराका करिब १० वर्षिय घनश्याम चौधरीको मोटरसाइकल दुर्घटनामा परी ब्रेन हैम्ब्रेज भई वीरगंजको नेशनल मेडिकल कलेजमा उपचार्थ आउदा बरिष्ठ न्युरो सर्जन डा. श्यामबाबु प्रसाद पटेलले सफल रूपमा अप्रेशन गरेका छन् । अप्रशेनमा डा. निरज यादव, ओटि टेक्निसियन सुरेश यादव तथा डा. पटेलको टोलीले करिब २ घण्टा लगाई सफल रूपमा अप्रेशन गरेको अस्पतालका प्रवक्ता शेराज अहमदले जानकारी दिए । दुर्घटनामा छोराको आँखा अत्याधिक मात्रामा फुलेको र टाउकोमा पनि निकै ठुलो घाउ भए पनि डा. पटेलको टोलीले सफल रूपमा अप्रेशन गरी छोराको ज्यान बँचाउनु भएकोमा धन्यवाद दिए । न्युरो सम्बन्धि ठुलो सानो कुनै पनि समस्या आएमा ३/४ घण्टा भित्र विरामीलाई आफुकहाँ ल्याएमा त्यसलाई ठिक गरिदिने डा. पटेलले दाबी समेत गरे । त्यसैगरी नेशनल मेडिकल कलेजकै मेसमा कार्यरत एक कर्मचारी अस्पतालको तेस्रो तल्लाबाट अचान खस्दा टाउकोमा रगत जमेकोलाई पनि न्युरो सर्जन डा. श्यामबाबु पटेलले सफल रूपमा अप्रेशन गरेका छन् । वीरगंज भन्सार श्रीसिया घर भएका प्रमोद पटेल छतबाट खस्दा टाउकोमा रगत जमेको तथा सबैले बाँच्ने चान्स कम छ भनिरहदा पनि डा. पटेलको टिमले सफल रूपमा अप्रेशन गरी ज्यान बचाएकोमा बिरामी पटेलका आफन्तले डाक्टर टिमलाई धन्यबाद दिएका छन् ।

## आर्थिक समाचार

### टेलिकमको अफर

काठमाडौं । नेपाली नागरिकलाई टेलिफोन सेवा उपलब्ध गराएको एक सय वर्ष पूरा भएको अवसरमा विश्व दूरसञ्चार तथा सूचना समाज दिवसका अवसरमा जीएसएम तथा सीडीएमए मोबाइल सेवाका ग्राहकलाई विभिन्न प्रमोसनल अफर उपलब्ध गराएको छ । टेलिकमले उपलब्ध गराएको अफरअन्तर्गत फोरजी डाटा प्याकेज जीएसएम सेवाका ग्राहकलाई उपलब्ध गराइएको छ भने अल टाइम डाटा प्याकेज र नाइट डाटा प्याकेज सीडीएमए सेवाका ग्राहकलाई पनि उपलब्ध गराइएको छ ।

### सानिमाद्वारा नि:शुल्क आस्वा सेवा

काठमाडौं । सानिमा बैंक लिमिटेडले आफ्ना ग्राहकलाई नि:शुल्क आस्वा सेवा प्रदान गर्ने भएको छ । बैंकले नेपाल धितोपत्र बोर्डबाट आस्वा प्रणालीअन्तर्गत धितोपत्र निष्कासन हुँदाका बखत लगानीकर्ताबाट दरखास्त संकलन तथा तत्सम्बन्धी कार्य गर्न अनुमति प्रदान भएको मिति २०७३ माघ १ बाट आस्वा सुविधा प्रदान गर्दै आइरहेको थियो ।

### जनताको नाफा वृद्धि

काठमाडौं । चालु आवको तेस्रो त्रैमाशमा जनता बैंकको नाफा ६८.५८ प्रतिशतले वृद्धि भएको छ । गत आवको तेस्रो त्रैमाश (चैतसम्म) २२ करोड ६६ लाख रूपैयाँ नाफा कमाएको बैंकले चालु आवको तेस्रो त्रैमाशमा भने ३८ करोड १८ लाख रूपैयाँ कमाएको हो । बैंकको व्यवसाय आकारमा ३९.६२ प्रतिशतको बढोत्तरी भएको छ । गत वर्ष ५३ करोड रूपैयाँ व्याज आम्दानी गरेको बैंकले चालु आवमा ७४ करोड ब्याज आम्दानी गर्न सकेको हो । बैंकको कुल सञ्चालन अम्दानी ३७ प्रतिशतले बढेर ९५ करोड रूपैयाँ पुगेको छ । बैंकले करिब २१ करोड रूपैयाँ आम्दानी फि, कमिसन, बैदेशीक मुद्राको विनिमय र अन्य आम्दानीबाट गरेको छ । बैंकले १४ करोड रूपैयाँ राइट ब्याक गरेको छ । बैंकको कुल कर्जामा खराब कर्जाको दर १.९८ प्रतिशत छ । बैंकले १२ करोड रूपैयाँ सम्भावित जाखिम बापतको नोक्सानलाई समेत छुट्याएको छ ।

### एनआइसीको नयाँ शाखाहरू उद्घाटन

काठमाडौं । एनआईसी एसिया बैंकको विभिन्न ९ स्थानमा रहेका नयाँ शाखाहरूको एकै साथ उद्घाटन भएको छ । बुधबार एक समारोहकाबीच यी शाखाहरूको विधिवत् समुद्घाटन सम्पन्न भएको हो । ती शाखाहरूमध्ये सौ-फसा्टिकरस्थित ९१ औं शाखाको उद्घाटन नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य सुरेन्द्रप्रसाद श्रेष्ठले गरेका छन् भने धकधईस्थित ९२ औं शाखाको उद्घाटन नेपाल उद्योग वाणिज्य महासंघका अर्का केन्द्रीय सदस्य कृष्णप्रसाद शर्माले गरे ।

www.buddhaair.com

आकासका साथी

बुध्द एयरका हरेक विमान परिचारिकाको मीठो सम्बोधन र मुस्कानको पछाडि उनीहरुले गरेको महिनौंको मेहेनत छ । हाम्रा अनुभवी विमान परिचारिकाहरू फ्रान्सको टुलुसमा रहेको एयरक्राफ्ट उत्पादक कम्पनीद्धारा विशेष तालिम प्राप्त गरेका छन् । यात्रु सेवालाई चुस्तदुरूस्त राख्न हरेक ६ महिनाको अन्तरालमा विशेष तालिमको पनि व्यवस्था रहेको छ ।

तपाईको यात्रालाई सहज, सजिलो र आरामदायी बनाउन हाम्रा विमान परिचारिकाहरू अर्थात् तपाईको यात्राको साथी सदैव तयार हुन्छन्, त्यसैले त हामी अरूभन्दा पृथक छौं ।




facebook.com/buddhaair
twitter.com/airbuddha
instagram.com/buddhaairnepal
call center: 01-5542494

Buddha Air



मिथिला दर्शन टी.भी.
कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं